*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ५३७७

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५ ९४६६


बुद्ध सम्वत् २५५७
नेपाल सम्वत् ११३३
इस्वी सम्वत् २०१३
बिक्रम सम्वत् २०७०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

**21st AUGUST 2013**

| वर्ष- ३१ | अङ्क- ४ | गुंपुन्हि | भाद्र २०७० |
|---|---|---|---|


जसले स्मृतिवान् भएर मेहनत गर्छ, गृहस्थ जीवनमा रमाउन छोड्छ, त्यस्ता व्यक्तिले क्षुद्र जलाशयलाई हंसले त्यागे जस्तै गृह त्याग गर्दछ ।

सारथीले घोडालाई लगाम कसे जस्तै जसले आफ्नो इन्द्रियलाई शान्त गरिसकेको हुन्छ, त्यस्ता निरभिमानी अनाश्रवी सन्त व्यक्तिलाई देवताहरूले पनि मन पराउँछन् ।

राम्ररी जानी बुझी मुक्त भइसकेको अर्हत् पुरुषको मन, वाणी तथा कर्म पनि शान्त हुन्छ ।

अर्हत व्यक्तिहरू विहरण गर्ने गाउँ जङ्गल, मैदान र पहाड आदि जुन सुकै ठाउँ होस्, उक्त ठाउँ रमणीय नै हुनेछ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# >fj0f kl0f{df / jiff{f;

बुद्ध शासन (बुद्धधर्म) चिरस्थायी गर्नका लागि र गुणधर्म उन्नतिका लागि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू बिच नङ्ग र मासु जस्तै परस्पर सम्बन्ध हुनुपर्ने देखिन्छ । भनिएको पनि छ एउटा रथ निर्विघ्न पूर्बक अगाडि वढाउनको लागि ४ वटा पांग्राहरूको आवश्यकता हुन्छ भने बुद्ध शासन अगाडि बढाउनको लागि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू गरी यी ४ समूहको परस्पर मेलमिलाप अत्यावश्यक छ। यी चार समूहले आ-आफ्नो कर्त्तव्य पालन गरी बुद्ध शासन रक्षा गर्नको लागि मेहनत गर्नुपर्दछ ।

२५ सय वर्ष सम्म बुद्ध शासन अखण्डरूपमा चल्दै आइरहेको प्रमुख कारण पनि प्रव्रजित व्यक्तिहरू र गृहस्थी व्यक्तिहरू बिचको राम्रो सम्बन्ध नै हो ।

त्यागी जीवन अप्रसन्न व्यक्तिहरूलाई प्रसन्न बनाउनको लागि र प्रसन्न व्यक्तिहरूलाई अझ बढि प्रसन्न बनाउनको लागि हो । अर्थात् "**अप्पसन्नानं पसादाय, पसन्नानं भिय्यो भावाय**" हो । यसर्थ मानिसहरूको अपवादबाट बच्न वा भिक्षुहरूको उन्नतिका निमित्त भगवान् बुद्धले भिक्षु भिक्षुणी नियमहरू बनाउनु भएको थियो । ती मध्ये वर्षावास तीन महिना एउटै स्थानमा बस्नु पर्ने एउटा नियम पनि हो । वर्षावास भन्नाले आषाढ पूर्णिमा देखि कार्तिक पूर्णिमा सम्म तीन महिना कहिं कतै नगई एकै स्थानमा रहने भन्ने बुझिन्छ ।

वर्षावास बस्ने नियम बुद्धत्त्व प्राप्ति पछि २० वर्ष सम्म पनि बनाइएको थिएन । तर पछि मानिसहरूबाट विभिन्न दोषारोपणहरू आएकोले ती दोषारोपणहरूबाट मुक्त हुनको लागि भगवान् बुद्धले यी नियम बनाउनु भएको थियो ।

बुद्धकालिन समयमा जैन धर्मले ठूलो प्रभुत्त्व जमाएको देखिन्छ। उनीहरूले पनि वर्षावास तीन महिना एकै स्थानमा बस्ने नियम थियो । उनीहरूको विश्वास अनुसार घाँसमा पनि जीव छ । घाँस विरूवाहरू एक इन्द्रिय प्राणी हो भन्ने कुरामा उनीहरूले विश्वास गर्दथे बाटोमा हिंड्ने बेलामा बेहोशपूर्वक खुट्टाले कीरा कुल्चेर मर्‍यो भने पनि पाप लाग्छ भन्ने कुरामा विश्वास गर्थे । वर्षायामको झरीमा घाँसहरू धेरै उम्रिने गर्थ्यो भने बाटाहरूमा कीराहरू निस्कने गर्थे । खेतको आली आलीबाट हिँड्ने गर्दा धानबाली विग्रिने गर्थ्यो । त्यसैले जैनहरू वर्षायाम ३ महिना एकै ठाउँमा वर्षावास बस्ने नियम पालन गर्थे ।

बुद्ध शिक्षाले घाँस, रूख एवं विरूवाहरूलाई जीवित प्राणीको रूपमा लिंदैन । त्यसैले भिक्षुहरू वर्षायाममा पनि धर्मप्रचारार्थ एक स्थानबाट अर्को स्थानमा यात्रा गर्थे । उनीहरू खेतका आलीहरूबाट पनि हिंडिरहन्थे। यसरी हिंडिरहेको देखी मानिसहरूले भन्न थाले–

"भगवान् बुद्धका शिष्य भिक्षुहरू झरीको समयमा पनि हरिया घाँसहरू कुल्चंदै खेतका आली आलीबाट हिंडेर धानबाली पनि बिगार्दै पानीमा रूझ्दै हिंडिरहेका छन् । वर्षायाममा माटोबाट निस्किरहेका कतिपय कीराहरू कुल्चिएर मर्ने गर्छन् । भगवान् बुद्धका शिष्य भिक्षुहरू पनि के तालका होलान् ?" आदि आदि ।

यस प्रकारका आरोपहरू सुन्न परेकोले भगवान् बुद्धले यसरी विचार गर्नुभयो ।

"झरीको समयमा वर्षायाममा बाहिरी यात्रा गर्नु पर्दा भिक्षुहरूलाई अति कष्ट हुने गर्छ । कति भिक्षुहरू त पानीले रूझ्दै यात्रा गर्नु परेको कारणले विरामी पनि परिरहेका छन् । अन्य व्यक्तिहरूबाट अपवाद पनि सहन परिरहेको छ। त्यसैले वर्षायाम तीन महिना भरि त वाहिर ननिस्की वर्षावास बस्नु नै उत्तम हुनेछ ।"

यति विचार गर्नुभई भगवान् बुद्धले वर्षावास बस्नुपर्ने नियम बनाउनु भयो वर्षाबास बस्दा तल उल्लेखित विभिन्न फाइदाहरू प्राप्त हुने कुरा बुझिएको छ ।



Downloaded from http://www.dhamma.digital

(१) पानीमा रूझेर विरामी पर्नु परेन ।

(२) वर्षावास ३ महिना अवधि भर गुरू वा विद्वान् वर्गहरूसंग बसी अध्ययन अध्यापन गर्ने मौका वा फुर्सद पाउने ।

(३) ध्यान भावनाको अभ्यास गर्ने मौका पाउने ।

(४) उपासक उपासिकाहरूलाई धर्मोपदेश गरी शिक्षा दिने फुर्सद मिल्ने ।

(५) वर्षायाममा हिंडेकोले खेतवारी विग्रियो र कीराहरू कुल्चिएर मरे आदि भनी विभिन्न प्रकारका आरो पहरू आउन बन्द हुने ।

यी विभिन्न फाइदाहरूलाई विचार गर्नुहुँदै भगवान् बुद्धले भिक्षुसंघलाई भेला गराउनु भई वर्षावास बस्नु पर्ने नियम बनाउनु भएको थियो ।

कहिले देखि वर्षावास बस्नु पर्ला त भनी आएको प्रश्नलाई भगवान् बुद्धले असार पूर्णिमा देखि आश्विन पूर्णिमा सम्म ३ महिना वर्षावास बस्ने भनी समयावधि छुट्टाउनु भएको थियो । तर कोही भिक्षुहरू वर्षावास बस्ने दिनमा विहारमा पुग्न सकिएन भने पुनः द्वितीय वर्षावास श्रावण पूर्णिमा देखि कार्तिक पूर्णिमा सम्म ३ महिने वर्षावास बस्न सकिनेछ भनी नियम बनाउनु भएको थियो । श्रावण पूर्णिमाको एउटा महत्त्व यही हो । तर यसरी द्वितीय वर्षावास बस्ने भिक्षुलाई कथिन चीवर दान लिने अधिकार भने छैन ।

श्रावण पूर्णिमाको अर्को महत्त्वपूर्ण घटना, गौतम बुद्धले ४५ वर्ष सम्म उपदेश दिनुभएको बुद्ध वचन सुरक्षाको लागि संग्रह गरी महाकाश्यप महास्थविरको नेतृत्त्वमा श्रावण पूर्णिमाकै दिन अरहन्त भिक्षुहरू एकत्रित हुनु भई सूत्र विनयको संगायना गर्नुभएको थियो । यो घटना भगवान् बुद्ध परिनिर्वाण हुनुभएको मितिले ३ महिना पछि राजगृहमा भएको थियो ।

## भूल सुधार

धर्मकीर्ति पत्रिका वर्ष ३१, अङ्क ३ विशेष सदस्य क्र.स.नं ७८१ मा श्री तीर्थरत्न शाक्य हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्चाइएको छ ।

*– व्यवस्थापक*

## धम्मवती या धर्मकीर्ति



जन्म बिल मां नं भवचक्रं पिहाँ वे मफु नारी
मां अबु धर्मया लँय् छवइपि नगण्य नारी
भवय् जक ढुंकाः ढुनाः ढुःख सियाच्वन भारी
खँ खँ ढुने निसे त्याग यात मचाम्ह गणेश कुमारी

ल्युने लाःपिं मस्यूपि अपेक्षित अवहेलित नारी
बछि सर्गः त्वपुइपिं ख्वः धासां इपिं लाचारी
सन्तान दयकेया निर्ति जुयाच्वन मेसिन सरी
मात्र तृप्तिया जगतय् साधन जुयाच्वन नारी

देवि माता पद ब्यूसां सुख सिई मफैगु सिइकाः
महारानी पदय् च्वंपि नं अनित्य सीकाः त्वःता वंगु ख्वंकाः
सीकाः वन बनं बनं आसाम जंगल पारी
अमर जुइगु शिक्षा ज्ञू चायका वल

शास्ताया जन्मभूमि थःगु देय् नेपाल नगरी
इनेत धर्म ग्वसाः ग्वल पासापि मुंकाः धर्म गोष्ठि जारी
ढ्वलंढ्वः प्यायुचाःपिन्त धर्मामृत इयूंइयूं थ्यन देश पारी
अन, थन, अले, कन्हे मधासे धर्म चाकः हिका च्वन माःरी

मां नं बिइमफुगु शिक्षा बिइम्ह नारी
थौ चयुढँ दतनं म्हं मफुसां नुगः धर्मय् भारी
धात्थें ख्वः न्हाँ वयकः गुरुमां धर्मया पुत्री
फत्तले वसपोलं बिया हे च्वन धर्मया ज्ञान जः ढिन रात्री

चरथ भिकखवे चारिकं धाःथे धम्म चारी
याना च्वन योग्य थः शिष्यापि धम्मचारी
तःगु शिक्षा केन्द्र विहार चायेकाः ज्ञान इनेगु जारी
जुइमा छपि गौतमी थें बुद्ध पुत्री धर्मपुत्री नेपाल पुत्री

ढु न्हाँ सकसिया स्वय् उसाँय् भिनाच्वंगु
ताः आयू तक धर्मया निभाः थें थिना च्वंगु
शिक्षा आचरण दसु केनाः भिंगु नेतृत्व छः पिनिगु
सिमाक्वय् च्वने थें सिचु हँ धर्मशासन छःपिनिगु ।

✍ **हेरा रत्न शाक्य,** *युवक बौद्ध मण्डल*



Downloaded from http://www.dhamma.digital

# भगवान्को उपदेश अनेकांगी

✍ **सत्यनारायण गोयन्का**

उद्गत शरीर नामक धनवान ब्राह्मणले महान यज्ञ गर्ने आयोजना गरेका थिए । उनले यज्ञको तयारी पूरा गरिसकेका थिए । सयौं गाई, गोरू, बाख्रा, बाखी, भेंडा, बोकाहरू यज्ञ शालामा यज्ञ स्तम्भको नजिकै बाँधिएका थिए । यज्ञ शुरु गर्नु अघि ब्राह्मण उद्गत भगवानलाई भेट्न गए । भगवान्ले सम्झाउनु हुँदै भन्नुभयो यस प्रकारको यज्ञ गर्ने व्यक्तिले तीन प्रकारका दुष्कर्म गर्दछ। पहिलो, मानसिक दुष्कर्म, उसले यति धेरै संख्यामा प्राणीहरूको हत्या गर्ने मनले संकल्प गर्दछ। दोस्रो वाचिक दुष्कर्म, उसले बली चढाउन मार्नेहरूलाई हतियार चलाउने आदेश दिन्छ । तेस्रो हो शारीरिक दुष्कर्म, यज्ञ गर्नका लागि ल्याइएका पहिलो पशु स्वयंले हत्या गर्दछ । यस प्रकार पुण्य कमाउनुको बदलामा अपुण्य कमाउँछ । शुभ कर्म गर्नुको साटो अशुभ कर्म गर्दछ । सुगति, स्वर्गको मार्ग खोज्नुको बदलामा दुर्गति, नरकको मार्गमा जुट्दछ । उद्गत शरीर भाग्यशाली थिए । यति ठूलो दुष्कर्म गर्नु पूर्व ऊ भगवान्लाई भेट्न गए र भगवान्को करुणापूर्ण वाणीले उसको हृदय परिवर्तन भयो । उसको मान्यता त यही थियो कि यति ठूलो यज्ञ गरेर महान पुण्य कमाउँछु, तर यहाँ त अपुण्य कर्म पो गर्न लागिरहेछु, पाप-कर्म पो गर्न लागिरहेछु, कुरा बुझ्न थाले । वध-शालामा बाँधिएका सबै पशुहरूलाई उसले मुक्त गरिदिए र भगवान्ले बताउनु भएको मार्गमा अघि बढे ।

त्यस समयमा देश भर यज्ञमार्गीहरू यसै मिथ्या धारणाले पुष्ट थिए कि यस्तो हिंसक यज्ञ गर्नाले महान पुण्य फल प्राप्त हुन्छ । मानिसहरू बडो श्रद्धापूर्वक, भक्तिपूर्वक, तप र त्यागले यस्ता यज्ञहरूको सम्पादन गर्दथे । महाधनवान राजा होस् अथवा ब्राह्मण यज्ञ गर्ने दिनमा त्यागी भएर रहन्थे। विलास-वैभवपूर्ण महल त्यागेर यज्ञशालाको कुटियामा गोबरले लिपिएको खाली जमीनमा सुत्थे। एक समान रुप र रङ्ग भएको गाईको एउटा थूनबाट आएको दूधमात्र पिउँथे। यसप्रकार बाहिरबाट हेर्दा एकजना तपस्वीको जस्तो जीवन जिउँथ्यो, आफूले आफैंलाई कष्ट पनि दिन्थ्यो तर काम भने धिनलाग्दो नै गर्दथ्यो । यस यज्ञहरूमा धेरै संख्यामा गाई, गोरु, बाख्रा, बोका, भेंडा आदि मारिन्थे । तिनीहरूलाई बाँध्न धेरै कलिला रुख काट्थे । बाँध्नको लागि कुश काट्थ्यो । जजमान राजाले सबैभन्दा पहिलो बलि चढाउन आफ्नै हातले पहिलो पशु काट्थ्यो भने केही पशुहरू पुरोहित ब्राह्मणले काट्थ्यो । तर सयौं पशुहरू हत्या गर्नका लागि गाऊँमा वा शहरमा त्यति धेरै संख्यामा कसाईहरू मात्र कहाँ पाईन्थ्यो ? त्यसैले नोकर-चाकरद्वारा यो दुष्कर्म गराउने गर्थ्यो । उनीहरूले नचाहेर पनि – आँसु झार्दै यस्तो दुष्कर्म गर्दथे । उनीहरूलाई नगरेमा धम्काउने गर्थ्यो । उनीहरू डरले पनि रूँदै यस्तो जघन्य कर्म गर्दथे ।

यसरी पवित्र यज्ञको नाममा अत्यंत अपवित्र कर्म गर्ने – गराउने गर्दथे ।

हिंसा नगरिएका यज्ञ पनि यदि केवल अग्नि परिचर्यारूपी कर्मकाण्ड मात्र रह्यो भने त्यो पनि के कामको भयो ? यस विषयमा पनि भगवानले उद्गत शरीर ब्राह्मणलाई स्पष्टतया बुझाउनु भयो। उहाँले तीन प्रकारका अग्निलाई बुझाउनु पर्छ र तीन प्रकारका अग्निलाई सँधै प्रज्वलित राख्न उपदेश दिनुभयो ।

**तयोमे, ब्राह्मण, अग्नी पहातब्बा परिवज्जेतब्बा न सेवितब्बा**

ब्राह्मण, यी तीन प्रकारका अग्निलाई त्याग्नु पर्दछ, त्यसलाई हटाउनु पर्दछ, त्यसलाई सेवन गर्नु हुँदैन ।

**कतमे तयो** - कुन तीन प्रकारका ?

**रागग्गि, दोसग्गि, मोहग्गि**-राग-अग्नि, द्वेष-अग्नि र मोह-अग्नि ।

फेरि भगवान्ले भन्नुभयो–

**तयो खो ब्राह्मण, अग्गी सक्कत्वा गरुं-कत्वा मानेत्वा पूजेत्वा सम्मा सुखं परिहातब्बा ।**

ब्राह्मण, अन्य तीन प्रकारका अग्निहरू यस्ता छन् जसको सत्कार गर्नुपर्छ, जसको गौरव गर्नुपर्छ, जसलाई सम्मान गर्नुपर्छ, जसलाई पूजा गर्नुपर्छ तथा जसलाई राम्ररी सुखपूर्वक धारण गर्नु पर्दछ ।

**कतमे तयो** - ती तीन कुन कुन हुन् ?

**आहुनेय्यग्गि, गहपतग्गि, दक्खिणेय्यग्गि ।**

*(अ.नि. २.७.४७, दुतियअग्गिसुत्त)*

*क्रमशः*

*(साभार : त्रिपिटकमें सम्यक सम्बुद्ध-१)*





Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–८

✍ के.श्री धम्मानन्द
*अनुवादक*- बरदेश मानन्धर

विज्ञानले वाह्य जगत सित सामना गर्न खोज्छ जवकि भित्री जगत वाधाहरूको अशान्तिले भरिएको छैन । मनोविज्ञानले अझ पनि मान्छेको मानसिक अशान्तिको कारण भेट्टाएको छन् । जब मान्छे जीवन देखि निराश र घृणित हुन्छ– उसलाई विज्ञानले सहयोग गर्न सक्दैन । सामाजिक विज्ञानहरूले पनि मान्छेको वातावरण एवं वाह्य अवस्था तर्फ मात्रै ध्यान दिन्छ । यसले केही हद सम्म दिन्छ । मान्छे सुविधा साथ मात्रै जीवन खोज्ने प्राणी होइन मान्छे त्यो भन्दा अरू धेरै माथिको हो । उसलाई दैनिक जीवनमा आउने नैराश्यता एवं दुःखहरूलाई सामना गर्न मद्दतको जरूरत छ ।

विज्ञानको विपरित बुद्ध धर्म मानसिक (मन) को विकास सित सम्बन्धित छ । बुद्ध धर्ममा मानसिक सभ्यता वा विकासको लागि एक पूर्ण पद्धति वा व्याख्या छ तल्लो तहहरू यस पद्धतिले मान्छेलाई दैनिक जीवनमा घटना एवं अवस्थाहरूलाई कसरी सामना गर्ने एवं तिनीलाई कसरी ठीक पार्ने भन्ने सिकाउँछ । यसको उच्च तहमा मानसिक सभ्यताको यस पद्धति स्व (भित्री) ज्ञान सँग सम्बन्धित छ जसद्वारा परम सत्य निर्वाणलाई पूर्ण रूपले आफूले बुझ्न सक्नेछ । यस पद्धति-वैज्ञानिक एवं व्यवहारिक दुबै छ – यसमा भावात्मक एवं मानसिक स्थितिहरूको तथ्य रूपले निरिक्षण गरिरहनु पर्दछ । त्यस व्यक्ति ऊ भित्रको संसारलाई निरीक्षण वा राम्ररी गरी रहनु पर्दछ– (एउटा न्यायाधिशको रूपमा होइन बरू एउटा वैज्ञानिकको रूपमा) बुद्धको शिक्षाद्वारा सबै मानिसहरूले आफ्नो दुखलाई अन्त गर्न र सधैं रहिरहने सुखलाई प्राप्त गर्न सकिन्छ । विज्ञानले मानव पीडाको अन्त गर्ने कुनै त्यस्तो कुरा दिन सकेको छैन । विज्ञानले अस्थाई उपचार मात्र प्रदान गर्न सक्छ उदाहरणको रूपमा चिकित्सा शास्त्रले शरीरको रसायनमा परिवर्तन गर्न केही गोली या औषधि दिन सक्छ र सायद अस्थायी रूपमा पीडाबाट भावात्मक छुटकारा पाउँछ । तर विज्ञानले सँधै रहिरहने सुख दिने कुनै गोली या औषधि दिन सक्दैन यसमा सब आश्चर्यहरूका साथ पनि यस पृथ्वीमा एउटा स्वर्ग बनाउन विज्ञान कहिल्यै पनि सक्षम हुने छन । पीडा दुःख रोग वृद्धावस्था एवं मरण सँधै हामीहरू सित रहीरहने छ । विज्ञानले अस्थायी उपचार मात्रै प्रदान गर्न सक्छ यस परिप्रेक्षमा ती वैज्ञानिक एउटा त्यस्तो चिकित्सक मात्रै छ जसले कुनै रोगको कारणको उपचार नगरीकन त्यस रोगको लक्षणको उपचार गर्ने मात्र औषधि हुन्छ ।

विज्ञानले मानव दुःखको अस्थायी अन्त प्रदान गर्छ तथापि मानिसहरूले वैज्ञानिक शक्तिहरू त्यही पीडाको वृद्धि गर्न र निरन्तर कायमै गर्नमा प्रायः उपयोग गर्छ । जीवनको डरलाग्दो विध्वंश गर्नको लागि वैज्ञानिक शक्ति केन्द्रित गरेर मान्छेहरूले नै मान्छेहरूको दुःख बढाउँछन् । विद्वान दुईवटा टर्च (बत्ति) हरू लिएको एउटा देवदुतले जस मध्य एउटा यस विश्वलाई प्रकाश दिनको लागि (अर्को रूख-विरूवा, घरहरू एवं मानिसलाई जलाउनका लागि । (Hand Book of Reason-D Runas द्वारा लिखित) विज्ञानले यन्त्रहरू बनाएको छ र यन्त्र मालिक (राजा) बनेको छ । शक्तिमा रहेका मानव र जवानहरूको भाग्य नियन्त्रण गरिरहेका ती केही व्यक्तिहरूको खेलौनाका रूपमा विज्ञानले गोली गठ्ठा एवं बमहरू प्रदान गरेको छ । एक व्यापारी Tycom मरणान्त गोली गठ्ठाहरू आणविक एवं परमाणु बमहरू मृत्युका किरण भएका यन्त्रहरू रसायनिक हातहतियारहरू इत्यादि बनाउने उसका कारखानाको धुँवाबाट मात्तिएर आफ्ना वैज्ञानिक उन्नतिकै एक भाग भएका र आम आवश्यकतालाई पूर्ति गर्ने भएको दावी गर्छ । ऊ त वास्तवमा कुनै मूल्य लिएर मागको आपूर्ति मात्र गरिरहेछ । मुख्य कुरा त यहि नै हो कि मानवतालाई नैतिक मार्ग दर्शन गर्नमा विज्ञान असफल रहेको छ । वैज्ञानिकहरू दाह्री खौरने छुरा मात्रै बनाउँछन् । तपाई यसलाई कसरी प्रयोग गर्नु हुन्छ– दाह्री कटाउनको लागि वा घाँटी काट्नको लागि – भन्ने तर्फ उसको कुनै अभिरूचि छैन ।

आज मानवताको सेवा र हितको लागि विज्ञान र धर्मका सहयोगको ठूलो खाँचो छ । विज्ञान नभएको धर्म अन्धो हो भने धर्म नभएको विज्ञान लङ्गडो हो ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २६४

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**यदा द्वयेंसु धम्मेसु – पारगू होति ब्राह्मणो**
**अथस्स सब्बे संयोगा – अत्थ गच्छन्ति जानतो**

*ब्राह्मण वर्ग गाथा (३८४)*

*अर्थ*– चित्त संयम र "ध्यान भावना" यी दुई धर्ममा पारंगत हुन सक्ने ज्ञानी व्यक्तिको सबै बन्धन नष्ट हुन्छ ।

*घटना*– उपरोक्त गाथा भगवान् बुद्धले श्रावस्तीस्थित जेतवन विहारमा रहनु भएको बेला केही भिक्षुहरूको कारणमा भन्नु भएको थियो ।

एक दिन विभिन्न दिशाहरूबाट, टाढा टाढा ठाउँबाट तीस जना भिक्षुहरू जेतवन विहारमा आउनु भयो । उहाँहरू भगवान् बुद्धको समीप जानुभई चारैतिर बस्नु भयो । त्यसबखत सारिपुत्र स्थविरले तीसै जना भिक्षुहरू अरहत भावमा पुग्न सक्ने भाव जान्नु भयो । त्यसैले भगवान् बुद्धको समीप पुग्नु भई उभिनुहुँदै प्रश्न सोध्नु भयो । "भो शास्ता ! दुइवटा धर्म भनेर बरोबर भन्ने गरिन्छ । ती दुईवटा धर्म भनेको के के होला ?" अनि भिक्षु सारिपुत्रलाई भगवान् बुद्धले भन्नुभयो– समथ र विदर्शनालाई दुईवटा धर्म भनिएको हो ।"

यसरी आज्ञा हुनु भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्मदेशनाको अन्तमा जेतवनविहारमा आउनुभएका सबै भिक्षुहरूले अरहत्व लाभ गर्नुभयो । ❖

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

*क्र.सं.* ७८४
**श्री चैतन्य देवी रंजित**
महाराजगञ्ज, काठमाडौं
रू. १०१०/–

*क्र.सं.* ७८५
**श्री चन्द्रतारा तुलाधर**
स्वयम्भु भगवान पाउ, काठमाडौं
रू. १५००/–

*क्र.सं.* ७८६
**श्री नानी हेरा प्रजापति**
कुमाःननी, काठमाडौं
रू. १०००/–

*क्र.सं.* ७८७
**श्री बुद्ध कुमार मानन्धर**
बाफल, काठमाडौं
रू. १०००/–

# धन्य धन्य धम्मवती गुरुमां



धन्य धन्य धम्मवती गुरूमां
ढुःख भोग रोग पार गरेर
अर्को जन्म लिए झैं आज
हाम्रो सामु रहनु भयो ।

हाम्रो पुकार हाम्रो प्रार्थना
औषधी र डाक्टरको उपचार
व्यक्ति व्यक्तिको लगनसीलताले
तपाईं आज हाम्रो सामु पायौं ।

हामी हर्षित र भाग्य मानी छौं
तपाईको जीवन विहानी पाएर
त्रिरत्नको सत्य धर्मको प्रभावले
आज तपाईं हाम्रो सामुन्ने पायौं ।

भगवान् बुद्धको मैत्री करुणाको
प्रभावले नयाँ स्वरुप पाउनु भयो
देश विदेशको मैत्री भावले पनि
आज शुभ जन्म दिन मनाउन पायौं

कोटी कोटी वन्दना गर्दछौ
हामी माझ रहोस् सदा सदा
तपाईंको मुखारबाट सधै
ज्ञान गुणका उपदेश सुन्न पायौं ।

धन्य धन्य गुरुमां तपाईं
सयौं वर्ष बाँची रहोस्
धेरै धेरै शुभकामना छ ।

✍ **सुमेधावती**



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–६

*अनुवाद*– **देवकाजी शाक्य**

( ५१ )

– प्रायश्चितद्वारा अन्धकार नाश भई चित्त चम्किलो हुन्छ ।
– प्रायश्चितद्वारा अहं भावना नरम हुन्छ ।
– पश्चातापद्वारा नै लुकी राखेका डर त्रास सुखमा परिणत हुन्छ ।
– घृणा प्रायश्चितद्वारा हटाउन सकिन्छ ।
– ईर्ष्या पश्चातपद्वारा उदार चित्तमा परिवर्तन हुन्छ ।
– अल्छीपन पश्चातापद्वारा शाहसमा परिवर्तन हुन्छ ।
– अन्त्यहीन क्लेश पश्चातापद्वारा नाश हुन्छ ।

( ५२ )

– सत्य बुझ्न मैत्रीपूर्ण र धर्मपरायण होऊ ।
– अनित्यताको बोध गर्न सुख र दु:खको अनुभव गर ।

( ५३ )

– कार्य जाँगर र ऊर्जाबाट अघि बढ्छ ।
– बुद्धिमानीबाट निश्चलता आउँछ ।
– उदारता अथवा सहृदयताबाट विशालता जन्मन्छ ।
– शुन्यताको भाव सद्‌गुणहरूका स्वामित्वको विकास सँगसँगै विकास हुन्छ ।
– विनम्रता सँगसँगै सहृदयताको विकास हुन्छ ।
– अभ्यास सँगसँगै ज्ञान बढ्छ ।
– धनसँगै उदारता विकास हुन्छ ।
– प्रेम भावसँगै खुसीको विकास हुन्छ ।
– लाभ र हानी, दु:ख र सुख हाम्रा विगतका कारणहरू र परिस्थितिबाट पैदा हुन्छन् ।

( ५५ )

– समानताको भावनामा सबै चेतनशील प्राणीहरूलाई व्यवहार गर ।
– प्रतीत्यसमुत्पादको सिद्धान्तको आधारमा सबै कुरा हेर ।

( ५६ )

– नैतिकताले नै हाम्रा कार्यहरू नियमित गर्छ ।
– कार्यहरू नैतिकताको आधारमा कार्यान्वयन हुन्छन् ।

( ५७ )

– संसारको महानतम धन सुन वा हीराहरू होइनन्, आस्था विश्वास र नैतिकता हुन् ।
– संसारको महानतम धन जग्गा जमीन घर होइन, हाम्रा सच्चा हृदय, विशुद्ध चित्त र बुद्ध स्वभाव हुन् ।

( ५८ )

– जन्म र मृत्यु एउटा जलिरहेको मुढाबाट अर्को मुढामा सल्काएको आगो समान हुन् ।
– जीवनको अग्नी कहिले पनि निभ्दैन ।
– हाम्रा जीवनका परिवर्तनहरू एक घरबाट अर्को घरमा बसाई सर्नु समान हुन् ।
– घरको मालिक समान हामी अपरिवर्तनशील छौं ।

( ५९ )

– सुख प्राप्तिको लागि दु:ख हटाऊ ।
– आशा पाउन अनित्यतालाई बुझ ।
– मित्रता पाउन अनात्मलाई बुझ ।
– शून्यतालाई प्राप्त गर्न शून्यता के हो पहिला पहिचान गर ।
– राम्रो जीवन भेट्टाउन खराब कर्म हटाऊ ।
– जीवनलाई वीरतापूर्ण सामना गर्न कारण र परिणाम सिद्धान्तलाई बुझ ।
– सत्यलाई बुझ्न प्रतीत्यसमुत्पादलाई बुझ ।
– शान्ति र स्थिरताको मध्यम मार्गमा हिंड ।
– निश्चिन्त हुन प्रज्ञा अभ्यास गर ।
– जीवनलाई पूर्णता दिन निर्वाणमा पुग ।

( ६० )

– बुद्धको शरणमा जान तिम्रो चित्तमा ज्योति जगाऊ र आफैमा ऊर्जा स्रोत स्थापना गर ।
– धर्मको शरणमा जान अमृत जल सुरक्षित राख र आफैमा जल भण्डार स्थापना गर ।
– संघको शरणमा जान बोधिज्ञानको फूल र फलले पोषण गर र आफैमा पलोद्यान निर्माण गर ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# जीवनको सौन्दर्य

✍ गोविन्द टण्डन

मानवता र पशुताको कसौटी के हुन सक्छ ? धेरै जसो मानिसले यस विषयमा कहिल्यै केही सोचेजस्तो लाग्दैन । अधिकांशले सोचेका हुन्छन्– म मानिसको रूपमा जन्मिएको छु, अन्य प्राणीभन्दा बुद्धिमान् छु साम, दाम, दण्ड, भेदले बाँच्न सक्छु। कतिले सम्झेका हुन्छन्- मसँग धन, सम्पत्ति, विद्या, ज्ञान छ त्यसैले सबै भइहाल्छ। सामान्यतः पशु र मानिसमा चार कुरा (आहार, निद्रा, भय, सन्तानोपत्तिका कुरा समान छन्। मात्र एउटा कुराको भिन्नता छ सामान्य पशुभन्दा भिन्न मानिसमा। त्यो हो बुद्धिविवेकसहितको धर्म नै यस्तो छ, जसको अभावमा मानिस पनि पशुतुल्य हुन पुग्छ । बुद्धिको कारणले नै विवेक छ । विवेक भएकाले नै मानिस आफूलाई रूपान्तरण गर्न सक्छ । यहाँनेर प्रश्न उठ्न सक्छ– धर्म भनेको के ? जसबाट वर्तमानमा आत्मोन्नति र भविष्यमा पनि आनन्दै-आनन्दको प्राप्ति हुने मार्गनिर्देश  जसले गर्छ त्यही हो धर्म । धर्मलाई वाद, सम्प्रदाय, मजहबको रूप त मानिसले दिने काम गरे, जसको कारण धर्मकै अवमूल्यन भइरहेको छ। जो कुलत र कुप्रवृत्तिमा फस्छ, जुवा, हिंसा, मद्यपान, दुर्व्यसन, व्यभिचार भ्रष्टाचार जस्ता दुर्व्यसन आदिमा लाग्छ, उसको लागि वर्तमान र भविष्य नरकतुल्य हुन्छ। सुख, शान्ति र आनन्दको अनुभव यस्ता व्यक्तिमा कहाँ हुन पाउनु ? यस्तै तामसी प्रवृत्तिको परिणति हो दुःख, अशान्ति र पिरताप । त्यस्ता चरित्र, बानीबेहोरा भएका मानिसले पाउने भनेकै तामसता (रोग, शोक र नकारात्मकता) हो।

तासम प्रवृत्तिको मानिसको स्वभाव कस्तो हुन्छ ? जिज्ञासा उठ्न सक्छ। यस्तो जिज्ञासा उठ्नु पनि पर्छ । नत्र असल र खराब कसरी छुट्टयाउने ? दुर्जन वा तामसी प्रवृत्तिको मानिसको विद्या विवादको लागि, धन घमण्डको लागि, बल-शक्ति अर्कालाई पीडा दिनका लागि हुन्छ जबकि असल वा आध्यात्मिक मानिसको चाहिँ त्यसविपरीत हुन्छ-विद्या अरूलाई ज्ञान दिन, प्रकाश दिन हुन्छ, धन दान दिनका लागि हुन्छ, शक्तिचाहिँ रक्षाका लागि हुन्छ।

आजको समाजमा बढ्दै गइरहेको हिंसा एवं पशुतापूर्ण जीवन-व्यवहार, भोगविलास र विलासिताले भरिएको ऐयासी जीवन, संवेदनहीनता, पशुवत् आचरण, असभ्यताले भरिएको भेषभूषा, अशिष्ट बोलीचाली, नकारात्मक सोचाइ, आफू मात्र बाँचौं अरूजोसुकै होऊन् भन्ने एकलुकाँटे संकीर्ण सोचाइको बाहुल्यले के देखाउँछ भने मानिस मनुष्यताको मार्गबाट विचलित बन्दै गइरहेका छन्। मानवीय पक्ष छोड्दैछन्। यसको अर्थ हुन्छ– दानवीयता, पाशविकता र निचताको चुरीफुरी बढ्दैछ । मनुष्यता पतनको दिशातिर पलायन हुँदैछ । यस्तो परिस्थिति बढ्दै जानु सबैका लागि दुर्भाग्यको क्षण हुनेछ। यस्ता वैचारिक प्रदुषणबाट बच्ने निश्चित पनि केही न केही मार्ग छन्, त्यो हो– ज्ञानी,असल चिन्तक, अध्यात्मवादी व्यक्तिहरूका विचार र आचरणबाट आफूलाई चाहिने ज्ञान र शिक्षा लिन र त्यसलाई जीवनमा आत्मसात गर्ने । कुसंगको होइन सत्संगको मात्रा बढाउने। जति सत्संगको प्रकाशमा रम्न थालिन्छ त्यति-त्यति जुन निषिद्ध छ, गर्नयोग्य छैन त्यस्ता कर्महरू आफसेआफ छुट्दै जान थाल्छन् र गर्नलायक कर्महरू स्वतः देखिन थाल्छन् । त्यसका लागि कुनै परिश्रम नै गर्नुनपर्ने हुन थाल्छ । सत्संगको विशेषतै यही हो । अर्को शब्दमा भन्ने हो भने विधिको सम्पादन र निषेधको त्याग नै सत्संगबाट पाइने गूढ प्राप्ति हो । सत्संगप्रति आकर्षित हुन नभइनहुने एउटा आवश्यकताचाहिँ सत्यप्रतिको निष्ठा जरूरी छ, साहसपूर्वक सत्यलाई स्विकार्नैपर्छ । यति भएपछि सत्संगमा रस बस्न थालिहाल्छ। धेरैजसो मानिस कुनै धार्मिक कार्यक्रममा सहभागी हुनु वा प्रवचनमा पुग्नुलाई मात्र सत्संग भन्ने गर्छन्। त्यसो होइन, झूटो छोड्नु, सत्य अँगाल्नुस् अहंकार छोड्नु निरंहकार प्राप्त गर्ने उपायमा लाग्नु नै साँच्चै भन्ने हो भने सत्संग हो।

आसुरी वृत्तिलाई त्यागेर दैवीवृत्तिमा लाग्ने मार्ग प्रशस्त हुन थाल्यो कि जीवनमा सत्संगको महिमा बुझ्न थालिएछ भन्ने सम्झनुपर्छ । ईर्ष्या, कटुता,वैमनष्य, हिंसाको बदला सद्भाव, आत्मीयता, करूणा, अहिंसा जस्ता गुणप्रति आकर्षित भएर जीवन अगाडि बढ्न सुरू भयो कि सत्संगको प्रभाव जीवनमा पर्न थाल्यो भनेर बुझे हुन्छ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# "धर्मकीर्ति अश्वघोष सम्मानं" छाय्पीगु ताःलानादीम्ह भाजु बरदेश (देवेन्द्र) मानन्धरया म्हसीका

## धर्मकीर्ति विहार व अध्ययन गोष्ठीई वय्कःया योगदान–३

*प्रस्तुती*- **इन्द्र कुमार नकःमि**

गोष्ठीया दुजःपिनिगु स्तरयात समान रूपय् कायम यानाः शनिबारया क्लासयात अझ सशक्त रूपं न्ह्याका यंकेत तिबः बीत मदन दाईनापं सहकार्य यानाः २०५० भाद्र २५ गते निसें आश्विन २ गते तकः २१ म्हेसित १० न्हुया "नेतृत्व विकास प्रशिक्षण", श्रद्धेय अश्वघोष भन्ते व मदन दाईनापं जानाः कार्तिक २३ निसें २५ गते तक ३ न्हुया "स्वच्छ जीवन वा शील पालना" नारा तयाः प्रणिधिपूर्ण महाविहार बलंम्बुई बुद्ध-धर्म सम्बन्धी तालिम व लघु ध्यान शिविर यानाः सहरीय जीवन वा गांया जीवन नापं स्वापू तयेगु नितिं बलम्बू गामय् सर-सफाई ज्याभ्वः यानाः सम्बन्ध विस्तारया ज्यानं जूगु जुलः। अझ थुकीयात विस्तार यायेगु भ्वलय् स्यल्लाःगु पाठ्यक्रम दय्काः २०५३ श्रावण १ गते निसें ८ गते तक न्हूपिं ३९ म्हेसित "बुद्ध शिक्षाया प्रारम्भिक प्रशिक्षण–१" बियाः न्हूपिं दुजः पिनिगु बुद्ध-शिक्षाया जग स्वनेत उल्लेखनीय भुमिका म्हिता दिल। वय्कः पिनिगु उगु कुतःयात उबलेया न्हूपिं दुजःपिसं बुद्ध शिक्षाया धिसिलाक्क जग स्वनाः थौंकन्हय् उगु जगया आधारय् बल्लाःगु पःखाः व तँ थनेगु ज्यायानाः दुःखं मुक्तगु लँय् जुया च्वंगु दु धयागु भलसा कया। अथे हे २०४५ चैत्र ५ गते धर्मकीर्ति संरक्षण समिति स्वनेगु ज्या जुल। धर्मकीर्ति संरक्षण कोषया छ्याञ्जे जुयाः अथे हे २०५९ जेष्ठ १६ गते माःगु कानुनी दस्तावेज कथं "धर्मकीर्ति संरक्षण कोष" या नामं दर्ता यायेगु ज्या जुल। धर्मकीर्ति विहारयात संरक्षण व सम्बर्द्धन यानाः धर्मया कीर्तियात निरन्तर रूपं छचाखेरं ह्वलेगु ज्याय् सक्षम जुयेया नितिं स्थापनाकालं निसें छ्याञ्जे जुयाः संरक्षण कोषयात छगू धिसिलाःगु संस्थाया रूपय् थ्यंकेत थःत पाना दिल।

लिपा न्हूगु पुस्तापिन्त गोष्ठीया ज्याय् सक्षम यानाः थःपिने च्वनाः तिबः बिया च्वना दीसां वय्कःयात कय् च्यानाः वयकःया सल्लाह सुझावयात अतिकं आवश्यक तायाः २०५३ चैत्र १६ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ज्यासना पुचःया न्हूधाः ३ दँया नितिं जूगु जुल। उगु ज्यासना पुचःलं बरदेश दाईयात सल्लाहकारया रूपय् ल्ययागु जुल। उगु ज्यासना पुचलय् जि इन्द्र कुमार नकःमि नं उगु ईलय् ज्यासना पुचःया दुजः या रूपय न्ह्यजानागु जुल। उगु ईलं निसें थौतक नं वय्कः बरदेश दाईयात सल्लाहकारया दर्जाय् तयाः अध्ययन गोष्ठीं दुग्यंगु सल्लाह, सुझाव कयाः उकथं हे पालन याना वंसे थौकन्हय्या छगू नां दंगु संस्थाया रूपय् धस्वाय् फया च्वंगु दु। युवा वर्गयात उमिगु क्षमता व ज्या यायेगु शैलीयात ल्वय्क सल्लाह व सुझाव बिईगुलि न्ह्याबलें तत्पर जुयाः छम्ह स्यल्लाःम्ह सल्लाहकार जुयादीगु दु।

गोष्ठीया दुजः जक मखु गुलिखे मनूत बरदेश दाई नापं संगत यानाः प्रभावित जूगु दु। वय्कःया थःत बरोबर Recharge यायेमाः धयागु खँयात सकसिनं मनन यासें थःगु जीवन सुथांलाक्क न्ह्याका यंकेगुली पलाः छिना च्वंगु दु। थःगु जीवनया आज्जुयात थःगु मनय् दुने थ्यंक व दुग्यंक्क दुवालाः थःगु आज्जुयात पूवंकेया नितिं थःम्हं पलपलय् गुकथं न्ह्याःवनेमा अले उकीयात न्हिया न्हिथं समिक्षा यानाः थःगु कमि कमजोरीयात नुगलं निसें मनन यानाः उगु कमि कमजोरी, गल्तीया पाखें न्हूगु पलाःगुकथं छिना यंकेगु धैगु बारय् चिन्तन मनन नं यानावं यंकेमाः धकाः छम्ह मनू सफल ज्वीत छीमाःगु पलाःयात झीसँ चंक्रमण याये बलय् वा ध्यान याये बलय् गुकथं होस पूर्वक याईगु खः अथेहे यायेगु बारय् झीत स्यनेकने याना दिल। अथेहे २०६४ आश्विन २६–२८ गते ३ न्हुया भन्ते, गुरुमां प्रमुख अध्ययन गोष्ठीया दुजः पिन्त जावलाख्यःया स्टाफ कलेजय् थःम्हं हे पूर्ण रूपं खर्चयानाः "स्वनेतृत्व विकास प्रशिक्षण गोष्ठी" याना दिल।

बरदेश दाईया रूप स्वयाः विश्लेषण याये बलय् म्हधिकः तःधिम्ह, गंसिम्ह, न्हिला ख्वाः वःम्ह छम्ह साधारणम्ह तडक भडक छुँ मदुम्ह धकाः खनी अझनं



Downloaded from http://www.dhamma.digital

दुवाला स्वत धाःसा सहनशील, विवेक बुद्धि दुम्ह व मिलनसारम्ह वय्क:यागु धर्मकीर्ति विहार व अध्ययन गोष्ठीयात धिसिलाकेत यानादीगु योगदानयात जक न्ह्यब्वया यंकल धाःसां नं छगू सफू हे तयार ज्वी ।

बरदेश दाईया ज्या यायेगु छगू बिस्कं पहः दु । छम्ह सच्चाम्ह, धात्थेंम्ह नायोया गुणं बिलबिलि जाः । गुबलें नं सुयातं थ्वया वया धकाः थः नायो पह क्यना दी मखु । थम्हं हे न्ह्यचिलाः ज्या याना क्यनी वा मखुसा वा ! इन्द्र कुमार, झीसँ थ्व छकः थथे यायेला ? धकाः न्हापांगु पलाः थःम्हं हे छिनाः क्यनी । मेपिं जूसा थः नायो धकाः मेपिन्त ज्या जक वानाः थम्हं गजू छुईगु ज्या जक याई । जस फुक्कं थःम्हं कायेत स्वई तर बरदेश दाई अथे गुबलें मजू । थः वय्कःया शिष्य जुयाः तस्सकं सतिक्क संगत यानाः थःगु जीवनय् नं थःम्हं थुइकागु जुलः ।

थुकथं बरदेशदाईयात थुगु दँया 'धर्मकीर्ति अश्वघोष सम्मानं सम्मानित याये खंगुलिं भिंतुना देछाना । ❖

**ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग**

१) **Daya Foundation, Kathmandu, Yuna Lee Mathema, Sabair Lee Mathema, Shardha Joshi- Rs. 2000/–**

२) हर्षरत्न शाक्य, हिरादेवी शाक्य, भोजपुर, (हाल इमाडोल), हर्षरत्न शाक्यको जन्मदिनको उपलक्ष्यमा भोजन प्रदान तथा रु. १,५००/–

३) चिनि शोभा कंसाकार, श्रीघः स्व. बुद्धरत्न कंसाकारको पुण्यस्मृतिमा रु. १,०००/–

४) केशचन्द्र शाक्य, बनेपा – रु. ५००/–

**❀ आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू**

५) Ven. Tyspane Jinananda Thera, Sri Sudarsanaramaya, Nawa Tyspane, Sri Lanka Rs.25,000/- In memory of Late Bhikshu Vijithananda.

**बुद्ध सम्बन्धी केही जानकारी**

- "राजा बिम्बिसार शत्रु देश वैशालीमा गई आम्रपालीसँग एक रात सुतेका थिए । आम्रपालीको तर्फबाट उनले विमल कौण्डन्य नामक छोरो पाएका जो पछि भिक्षु बने ।" *- साभारः बौद्ध दर्पण*

# बुद्ध धर्मय् विनयया निर्माण–२

✍ **सुनिता मानन्धर**

**मैथुनया विषयय् :**

छन्हु भिक्षु सुदिन्न वैशाली नगरय् भिक्षा बिज्याबलय् थःगु हे छेँय् थ्यन । अन वयात म्हमसिया : भिक्षा मबिउ । लिपा दासिपाखें भिक्षा फ्वंवःम्ह थः हे काय् खः धकाः सीवं मांबौ वयाः छेँय् ब्वना यंकल । भिक्षु सुदिन्नयात छेँय् हे तयेत यक्व कुतः यात । तर सफल मजुसेंलि मांबौपिंसं थःपिनि अकुट सम्पत्ति दुगुलिं गृहस्थी जुई । मखुसा सन्तान छम्हसां बिउ धाल । थुगु खँ भिक्षु सुदिन्नयात चित्त बुझे जुल । अनंलि भिक्षुं मैथुन कार्य यात । थुकथं भिक्षुया पुलांम्ह कलाःया प्वाथय् दत । लिपा थुगु खँय् शंका दना वयेवं भिक्षुं भगवान बुद्धयाके न्यन । थुगु हे सन्दर्भय् बुद्धं झिगूं खँ ध्वाथुइका बिज्यासें थुकथं धयाबिज्यात, 'गुम्ह भिक्षु भिक्षुणी शिक्षा नियमं युक्त जुयाः शिक्षायात मत्वःतुसे च्वनी, वं मैथुन सेवन याये मजिउ । भिक्षुपिंनाप सहबास अयोग्य जुइ ।'

**भिक्षु नियमः**

बुद्धकालय् खुम्ह वर्गीय भिक्षुपिनि कारणं क्वय् न्ह्यथनातःगु नियमत दयेका बिज्याःगु दु । म्वःल्हुइबलय् सिमाय् म्हय् खिति तुइके मजिउ, चुरा आदि तिसां ती मजिउ, निलांगू वा निपतिं स्वयाः ताःहाक सँ लही मजिउ, न्हाय्कं स्वये मजिउ (तर ल्वगिं स्वये जिउ), प्याखँ, म्यैं वाद्यवादन, तमासा आदि न्यने वा स्वये मजिउ, म्यैंया लसय् धर्मपाठ याये मजिउ, मकसकुटी दयेके जिउ, चंक्रमण व म्वःल्हुइगु क्वथाया व्यवस्था याये जिउ ।

झीगु देशय् यक्व हे कथंया धर्म माने याइपिं दु । थुकथं हना वयाच्वंगु यक्व हे धर्मय् द्यवं धयातःगु धकाः मिखा तिसिनाः हे माने याना वयाच्वंगु दु । थौंया न्हूगु शताब्दीइ वयाः नं थम्हं, नालाच्वंगु धर्मय् छुं भचा नं हिउपाः वयेके मबिउ । तर बुद्ध धर्मय् भगवान बुद्धं दक्व नियम व विनय छक्वलं, दयेका बिज्याःगु मखु । बुद्धकालय् हे व्यवहारय् सान्दर्भिक मजूगु व्यवस्थायात त्वाःथलाः परिमार्जन यायां नियम व विनय दयेका यंकूगु खनेदु । थुकथं बुद्ध धर्म छगू व्यावहारिक व वैज्ञानिक धर्म समेत जूवंगु खः । ❖



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## भिक्षुणी धम्मवतीको ८० औं जन्मोत्सव सम्पन्न



*भिक्षुणी धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा अभिधर्म पाठ गर्नुहुँदै पूज्य भिक्षु संघ*

भिक्षुणी धम्मवती (शासनधज धम्माचरिय, अग्ग महा गन्धवाचक पण्डित) ८० वर्षमा प्रवेश हुनुभएको शुभ उपलक्ष्यमा उहाँको सुस्वास्थ्य कामना गरी पूज्य भिक्षु महासंघबाट साप्ताहिक (२०७० श्रावण २ गते देखि ८ गतेसम्म) अभिधर्म पाठ एवं धर्मदेशना सम्पन्न भएको छ । विहान ७ बजे देखि ९ बजेसम्म सञ्चालित उक्त कार्यक्रमको विवरण तालिका यसरी प्रस्तुत गरिएको छ ।

### अभिधर्म पाठ विवरण तालिका

| क्र. सं. | मिति | अभिधर्म | धर्मदेशना | जलपान दाता | भोजन दाता | बुद्धपूजा गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|---|---|---|
| १. | २०७०/४/२ | धम्मसंगिनी | सयादो उ सुजन पिय<br>अनु. निर्मलञाणी गुरुमां | धम्मवती गुरुमां | ललीता<br>कंसाकार | वण्णवती |
| २. | २०७०/४/३ | विभंग | भिक्षु अश्वघोष<br>सयादो उ ञाण<br>अनु. विमलञाणी | कुसुम गुरुमां कर्णदेवी<br>पुचः धर्मकीर्ति | चम्पा पुचः<br>धर्मकीर्ति | सुवण्णती |
| ३. | २०७०/४/४ | कथावत्थु | भिक्षु कोण्डञ्ञ | चमेली गुरुमां<br>सुमना महर्जन | केशरी महाबौद्ध | मणिवती |
| ४. | २०७०/४/५ | धातुकथा | भिक्षु निग्रोध | मोहन देवी | राजेश, शोभा श्रेष्ठ | अमता |
| ५. | २०७०/४/६ | पुग्गलपञ्ञति | भिक्षु भद्दिय | दिलमाया श्रेष्ठ<br>मिजं पुचः ध.की. | पुलां पुचः<br>धर्मकीर्ति | वण्णवती |
| ६. | २०७०/४/७ | यमक | भिक्षु बोधिज्ञान | धम्मविजया गुरुमां | पूर्णहेरा पुचः धर्मकीर्ति | सुवण्णवती |
| ७. | २०७०/४/८ | पट्ठान | भिक्षु टि. जीनानन्द<br>अनु. भिक्षु राहुल | कमला गुरुमां<br>अनोजा गुरुमां | अष्टमाया पुचः<br>धर्मकीर्ति | मणिवती |



Downloaded from http://www.dhamma.digital



*भिक्षुणी धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा भद्रचरी पाठ गर्नुहुँदै वज्रयानी गुरुजुहरू*

यसरी नै श्रावण ९ गते बुद्धबार वज्रयानी गुरूजु पण्डित वद्रीरत्न वज्राचार्य, नरेश वज्राचार्य लगायत अन्य ३ जना गुरूजुहरूबाट गुरूमांको सुस्वास्थ्य कामना गरी सामूहिक रूपमा भद्रचरी पाठ गर्नु भएको थियो भने नरेश वज्राचार्यले सप्तविधानुत्तर पूजा विषयमा धर्मदेशना गर्नु भएको थियो ।

यही दिन वज्रयानी गुरूमांहरू ५ जना (चन्द्रलक्ष्मी वज्राचार्य, सरला वज्राचार्य लगायत अन्य ३ जना गुरुमांहरू) बाट धम्मवती गुरूमांको सुस्वास्थ्य कामना गरी पञ्चरक्षा देवी पाठ र चतुरत्न पाठ गर्नुभएको थियो । यसरी नै महायानी लामा गुरूमांहरू ५ जनाको तर्फबाट पनि गुरूमांको सुस्वास्थ्य कामना गरी मंगल पाठ गर्नु भएको थियो ।

यसदिन अमता गुरुमांले बुद्धपूजा गर्नुभएको थियो



*भिक्षुणी धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा पञ्चरक्षा देबी र चतुरत्न पाठ गर्नुहुँदै वज्रयानी गुरुमांजुहरू*



Downloaded from http://www.dhamma.digital



*भिक्षुणी धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा मङ्गलपाठ गर्नुहुँदै लामा गुरुहरू*

भने उपासिकाहरू नानीहेरा र कमलकेशरीले जलपान दान गर्नुभएको र भने धर्मकीर्ति न्हूपुचःले भोजन दान गर्नुभएको थियो ।

यस आठ दिने कार्यक्रममा धम्मवती गुरूमां लगायत अन्य गुरूमांहरू र उपासकोपासिकाहरूको तर्फबाट कार्यक्रममा आमन्त्रित भन्ते गुरूमांहरू महायानी लामा गुरूहरू, वज्रयानी गुरूजु एवं गुरुमांजुहरूलाई यथा श्रद्धा दान प्रदान गरिएको थियो । यसको साथै लामा गुरुहरूबाट पूज्य धम्मवती गुरूमांको सुस्वास्थ्य कामना गर्नुभई खादा ओढाउनु भई दान गर्नु भएको थियो भने अन्य गुरूमांहरूलाई पनि दान प्रदान गर्नुभएको थियो ।

स्मरणिय छ उक्त आठ दिने कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजनले दिनहुँ ज्ञानमाला भजन प्रस्तुत गरेको थियो ।



*भिक्षुणी धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा ज्ञानमाला भजन प्रस्तुत गर्नुहुँदै धर्मकीर्ति ज्ञानमाला भजन समूह*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहारमा रक्तदान कार्यक्रम सम्पन्न




**बु.सं. २५५७ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारमा रक्तदान गर्नुहुँदै प्रव्रजित गुरुमांहरू**

आफ्नो शरीरको कुनै हिस्सा त्याग गरी अरूको जीवन वचाउने कार्यलाई वुद्ध शिक्षानुसार दान उपपारमिताको रूपमा लिइएको छ । यसरी धर्मकीर्ति विहारको रक्तदान कार्यक्रम ३१ वर्ष अगाडि देखि निरन्तर रूपले सञ्चालन गर्दै आइरहेको छ ।

यस कार्यक्रममा तल उल्लेखित विभिन्न निकायको तर्फबाट विभिन्न धर्मप्रेमी महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउनु भई पुण्य सञ्चय गर्नु भएका थिए–

१) रम्मावती गुरुमां
*(स्टाफ नर्स, Blood Pressure Check Up)*
२) रोशन काजी तुलाधर, ३) विद्या सागर रंजीत
४) अरूण सिद्धि तुलाधर *(फोटो ग्राफर)*
५) आश्रय रत्न तुलाधर *(फोटो ग्राफर)*
६) मचाकाजी महर्जन *(ब्लोदान)*
७) अमृत रत्न ताम्राकार ८) सुरेस मूनि शाक्य
९) ज्योति रत्न स्थापित १०) दिपक रत्न शाक्य
११) प्रेम काजी वनिया १२) उद्योग रत्न तुलाधर
१३) प्रतिमा तुलाधर १४) रामेश्वरी महर्जन
१५) राम कुमारी मानन्धर १६) रश्मिता तुलाधर
१७) केशव डंगोल १८) कल्पना शाक्य

**संस्था – रक्त संचार केन्द्र**

***सहयोगीहरू–***

१) शोभा विष्ट PRO
२) रोजी श्रेष्ठ प्राविधिक सहायक
३) तुलसा कटवाल प्राविधिक सहायक
४) शोभा गुरूङ्ग प्राविधिक सहायक

धर्मकीर्ति स्वास्थ्य कमितिका सदस्य स्वयम्भू रत्न

*२०७० जेष्ठ ४ गते*
*स्थान- धर्मकीर्ति विहार ।*
*प्रस्तुती- स्वयम्भू रत्न तुलाधर*

बु.सं. २५५७ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारका अध्यक्ष शासन धज्ज धम्माचरिय, अगगमहागन्थवाचक पण्डित धम्मवती गुरूमांको अनुमति अनुसार धर्मकीर्ति विहारका गुरूमां र निर्वाण मूर्ति विहार किम्डोलका डा. धम्मविजय गुरूमां ले नेपालका प्रथम महिला रक्तदाता एवं धर्मकीर्ति स्वास्थ्य कमिटिका सदस्य स्वर्गिय तारा देवी तुलाधरको तस्विरमा खादा माल्यार्पण गर्नु भएको थियो । त्यसपछि रक्तदाताहरूलाई रगत राख्ने ब्याग हस्तान्तरण गर्नुभई ३२ औं पटकको रक्तदान कार्यक्रमको शुभारम्भ गरिएको थियो, यो कार्यक्रम धर्मकीर्ति विहारको ४८ औं एवं धर्मकीर्ति वौद्ध अध्ययन गोष्ठीको ४२ औं वार्षिकोसत्वको उपलक्ष्यका सम्पन्न गरिएको थियो ।

उक्त समयमा डा. धम्मविजया गुरुमांले रक्तदाताहरूलाई विरामीको जीवन/ज्यान वचाउन नभइ नहुने रगत रक्तदान गरेर विरामीको जीवन वचाउन धर्मदान गर्नु भएकोमा हार्दिक वधाई पनि दिनु भयो ।



Downloaded from http://www.dhamma.digital

तुलाधरको संयोजकत्वमा एवं धर्मकीर्ति वौद्ध अध्ययन गोष्ठीका सदस्यहरूको सहयोग द्वारा सञ्चालित उक्त कार्यक्रममा जम्मा ३९ जना रक्तदाताहरूले रक्तदान दिनु भएको थिए ।

उक्त रक्तदान डोनर नम्वर र नामावलीहरू यसरी रहेका छन्–

| SN | Donor Identity No | Name | Address | Contact No. | Blood group / RH |
|---|---|---|---|---|---|
| 1 | 21840 | Mrs. Hera Devi Maharjan | | 4231021 | B / Positive |
| 2 | 21824 | Mr. Suresh Shrestha | | 4265525 | A / Positive |
| 3 | 21812 | Mr. Keshav Dangol | Kathmandu | 9851014484 | B / Positive |
| 4 | 21813 | Mr. Daya Nanda Shakya | Dhalko | 4230509 | A / Positive |
| 5 | 21814 | Mr. Biswom Maharjan | Ranibari | 9808257666 | A / Positive |
| 6 | 21815 | Mr. Arun Siddhi Tuladhar | | 9841489157 | A / Positive |
| 7 | 21816 | Miss. Melina Munikar | | 9808382973 | B / Positive |
| 8 | 21817 | Mr. Dev Narayan Maharjan | Pako | | B / Positive |
| 9 | 21818 | Mr. Manoj Kanujiya | Dhobichour | | A / Positive |
| 10 | 21819 | Mr. Hinden Gyulchho Tamang | Kavre | 9813701761 | AB / Positive |
| 11 | 21820 | Miss. Manju Budhathoki | Nayabazar | 9813087496 | B / Positive |
| 12 | 21821 | Mr. Roman Manandhar | Dhobichour | 9808001928 | A / Positive |
| 13 | 21822 | Mrs. Sunita Shakya | Balaju | 9741004303 | A / Positive |
| 14 | 21823 | Mr. Raj Bhai Tuladhar | Kathmandu | | A / Positive |
| 15 | 21825 | Mr. Nanda Shakya | Kathmandu | 4256080 | O / Positive |
| 16 | 21826 | Mr. Devendra Tamrakar | Kaldhara | 4260218 | B / Positive |
| 17 | 21827 | Mr. Dinesh Shakya | | | A / Positive |
| 18 | 21828 | Mr. Sushil Kansakar | Naghal | 9841487246 | A / Positive |
| 19 | 21829 | Miss. Rasana Shakya | Naghal | 9841121420 | A / Positive |
| 20 | 21830 | Miss. Sabina Shrestha | Kuleshwor | | A / Positive |
| 21 | 21831 | Mr. Niraj Shrestha | Kuleshwor | 4279760 | O / Positive |
| 22 | 21832 | Mrs. Maya Devi Maharjan | Jyatha | | A / Positive |
| 23 | 21833 | Mrs. Sunita Pradhan | | | B / Positive |
| 24 | 21837 | Mrs. Durga Maharjan | Jyatha | | B / Positive |
| 25 | 21834 | Mr. Gaurav Tamrakar | Tahachal | 9841860560 | A / Positive |
| 26 | 21835 | Mr. Ravi Shrestha | Bafal | 9841267903 | O / Positive |
| 27 | 21836 | Mr. Nanda Kumar Ranjeet | Kathmandu | 4216209 | O / Positive |
| 28 | 21838 | Mr. Susan Raj Bajracharya | Lalitpur | 9841507909 | O / Positive |
| 29 | 21839 | Mrs. Roji Shrestha | Harisiddhi | 4225344 | O / Positive |
| 30 | 21841 | Miss. Shova Gurung | Kapan | 9841047312 | AB / Positive |
| 31 | 21842 | Mr. Santosh Giri | | | A / Positive |
| 32 | 21843 | Mr. Suresh Shrestha | Minbhawan | 9851142598 | B / Positive |
| 33 | 21844 | Miss. Khemawoti Guruma | | | A / Positive |
| 34 | 21845 | Miss. Amata Guruma | | | A / Positive |
| 35 | 21846 | Miss. Suwannawati Guruma | | | O / Positive |
| 36 | 21847 | Mr. Vichhu Dhamnananda | | | A / Positive |
| 37 | 21848 | Mr. Krishnawoti Dangol | Naghal | | O / Positive |
| 38 | 21849 | Mr. Nirmal Kumar Shakya | Kapan | 4164001 | B / Positive |
| 39 | 21850 | Miss. Anita Maharjan | | 9841803059 | B / Positive |



Downloaded from http://www.dhamma.digital

यसपालीको रक्तदान कार्यक्रम सञ्चालनार्थ आवश्यक आर्थिक सहयोग एवं रक्तदाताहरूका लागि डोनर पिन, जुस, मिठाई दाता महाराजगञ्ज चक्रपथ निवासी पद्मरत्न तुलाधर, श्रीमती रञ्जना तुलाधर हुनुहुन्थ्यो ।

यसरी नै रक्तदाताहरूलाई मिठाई, कोकाकोला, दूध, मिनरल वाटर दान गर्नुहुने दाताहरूको नाम यसरी रहेको थियो– चमेली गुरुमां, धम्मविजया गुरुमां, मेत्तावती गुरुमां, वीर्यवती गुरुमां, सुभद्रा स्थापित, शीलदेवी तुलाधर, समुद्र तुलाधर र छोरी, चिगङ्ग परिवार, प्रेमलक्ष्मी, मसींम, रुपशोभा, इन्द्रमान पुचः, केशरी वज्राचार्य, ज्ञानी शोभा महर्जन आदि ।

यसरी धर्मकीर्ति विहारले बि.सं. २०४० साल देखि निरन्तर रुपमा रक्तदान कार्यक्रम सञ्चालन गर्दै आइरहेको थियो । उक्त रक्तदान कार्यक्रमको रक्त-दाताहरूको नामावली जरुरत परेमा संयोजक स्वयम्भू रत्न तुलाधरलाई सम्पर्क राख्न सकिने कुरा यही समाचार मार्फत प्रष्टचाइएको छ ।

## रक्तदाता सम्मान

ब्लोदानले नियमित रक्तदान गर्ने स्वयंसेवी रक्तदाताको सम्मानार्थ प्रत्येक वर्ष विशेष समारोह आयोजना गरी उहाँहरूलाई कदर–पत्र सहित विशेष डोनर पीनबाट सुशोभित गरिन्छ । रक्तदान संख्या–

| डोनर पीन | पुरुष | महिला | नेगेटिभ रक्तदाता |
|---|---|---|---|
| डायमण्ड | १०० पटक | ५० पटक | ५० पटक |
| गोल्डेन | ५० पटक | २५ पटक | २५ पटक |
| सिल्भर | २५ पटक | १० पटक | १० पटक |











*बु.सं. २५५७ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारमा रक्तदान गर्दै गुरुमां, भन्ते तथा रक्तदाताहरू*



Downloaded from http://www.dhamma.digital

## पुस्तिका विमोचन

*२०७० असार २९ शनिवार ।*

*स्थान- धर्मकीर्ति विहार, श्रीघः नघः*

बुद्ध धर्ममा भिक्षुणी महाप्रजापतीको योगदान र भिक्षुणी धम्मवतीको योगदान विषयक क्रमशः भिक्षुणी केशावती र भिक्षुणी शुभवतीबाट एक गोष्ठीमा प्रस्तुत गरिएको पत्रहरू दुईवटालाई प्रीतिवती गुरुमां र रामेश्वरी महर्जनले सम्पादन गर्नुभई अवधारणा पत्रको रूपमा प्रकाशित गरिएको थियो । उक्त पुस्तिकालाई यसदिन विमोचन गरिएको थियो ।

भिक्षुणी धम्मवतीको प्रमुख आतिथ्यमा र भिक्षुणी धम्मदिन्नाको सभातित्त्वमा संचालित उक्त कार्यक्रम धरणी गुरुमांले सञ्चालन गर्नु भएको थियो । कार्यक्रमकी संयोजिका भिक्षुणी पञ्ञावतीले स्वागत भाषण गर्नु भएको थियो भने धम्मवती गुरुमांले उक्त पुस्तिका विमोचन गर्नुहुँदै आशिष वचन व्यक्त गर्नु भएको थियो । उक्त क्रममा बोल्नुहुँदै उहाँले बुद्ध शिक्षा प्रचार कार्यमा सफलता प्राप्त गर्नका लागि भिक्षु भिक्षुणी, उपासक र उपासिकाहरूको एकता र परस्पर मैत्रीको अत्यावश्यक रहेको कुरामा जोड दिनु भएको थियो ।

उक्त पुस्तिकालाई प्राध्यापक प्रेमहीरा तुलाधरले समीक्षा गर्नुभएको थियो ।

यही क्रममा सम्पादिका रामेश्वरी महर्जनले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले धन्यवाद ज्ञापन गर्नु भएपछि धम्मदिन्ना गुरुमांले सभापतिको आशनबाट मन्तब्य व्यक्त गर्नुभई सभा विसर्जन गर्नुभएको थियो ।

## अभिधर्म देशित DVD विमोचन

*२०७० श्रावण ७ गते ।*

*स्थान- धर्मकीर्ति विहार धम्महल ।*

वि.सं. २०५५ सालमा भिक्षुणी धम्मवतीले धर्मकीर्ति विहारमा एक महिना सम्म अभिधर्म विषयमा सारगर्भित धर्मदेशना गर्नु भएको थियो। उक्त धर्मदेशनालाई उपासक सिद्धार्थमान तुलाधरले भिडियो रेकर्ड गर्नु भएको थियो। हाल त्यही रेकर्डलाई धर्मकीर्ति पब्लिक इमेज कमिटीले DVD को रूपमा निकालिएको छ ।

धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा प्रकाशित उक्त DVD सेटलाई यसदिन भिक्षु बोधिज्ञान र भिक्षुणी धम्मवतीबाट बिमोचन गरिएको थियो ।

उक्त DVD प्रकाशनार्थ आवश्यक आर्थिक व्ययभार मध्ये रू. १ लाख दाताद्वय सिद्धार्थ मान तुलाधर र सुमन कमल तुलाधरले व्यहोर्नु भएको थियो भने बाँकी रहेको ५० हजार रूपैयाँ धर्मकीर्ति संरक्षण कोषले व्यहोरिएको कुरा थाहा हुन आएको छ ।

उक्त DVD सेट रू. २०००/- मूल्यमा बिक्री वितरण भइरहेको जानकारी गरिएको छ । इच्छुक महानुभावहरूले धर्मकीर्ति विहारमा सम्पर्क राख्नुभई उक्त DVD सेट प्राप्त गर्न सकिने कुरा थाहा हुन आएको छ। स्मरणिय छ, उक्त DVD बिक्रीबाट प्राप्त रकम धर्मकीर्ति पब्लिक इमेज कमिटी कोषमा जम्मा हुने जानकारी प्राप्त भएको छ ।

## आजीवन सदस्यताको प्रमाण–पत्र वितरण

*२०७० असार २९ गते*

*स्थान- रत्नकीर्ति विहार, हरिसिद्धि ।*

रत्नकीर्ति विहारमा विहारका आजीवन सदस्यहरूलाई आजीवन सदस्यताको प्रमाण पत्र वितरण गरिएको छ । पञ्चशील प्रार्थना पश्चात् शुरू गरिएको उक्त कार्यक्रम धम्मवती गुरूमांको प्रमुख आतिथ्यमा संचालन गरिएको थियो ।

कार्यक्रममा धम्मवती गुरुमांले धर्मदेशना गर्नु हुंदै भन्नुभयो– जसले विहार बनाई दान दिन्छ, उसले वस्त्र, भोजन र आवास तीन थरिका आधारभूत आवश्यकता दान गरेको ठहरिने छ । विहार बनेपछि उक्त विहारमा रहनुहुने भिक्षु वा भिक्षुणीहरूको तर्फबाट बुद्ध शिक्षा विषयमा अध्ययन अध्यापन भइरहेमा उनीहरूले शील सदाचार पालन गरी विहारमा आउने श्रद्धालु उपासक उपासिकाहरूलाई पनि शील सदाचार पालन गर्न सिकाउने कार्य गर्न नितान्त आवश्यक छ । यसरी एक असल नागरिक उत्पादन गर्ने काम गरिरहेका व्यक्तिहरूलाई दान दिने मौका प्राप्त गरी उक्त पुण्यले बुद्धको शिष्य बन्न पाउँ भनी कामना पनि गर्नु राम्रो हुनेछ । यसरी विहार दान गर्नुहुने दाताहरूबाट



Downloaded from http://www.dhamma.digital

मानिसहरूलाई असल संस्कार रोप्ने मौका प्रदान गरिरहेको देखिन्छ ।


उक्त दिन गुलुपाः रत्न नामले चिनिनु हुने उपासक जीवरत्न स्थापितले उक्त रत्नकीर्ति विहारको लागि देढ पाथी चामल अटाउने गुलपाः (पिण्डपात्र) दान गर्नुभएको थियो । उहाँले रत्नकीर्ति विहारका प्रमुख जयवती गुरूमांलाई उक्त गुलुपाः दान दिनुभएको थियो ।

उपासक गुलुपाः रत्नको भनाई अनुसार उहाँले विभिन्न समयमा विभिन्न विहारहरूका लागि ३ पाथी चामल अटाउने गुलुपाः ८० वटा दान दिइ सकेको र हाल उहाँले देढ पाथी चामल अटाउने गुलुपा दान दिने अभियान सुरू गर्नु भएको छ । यस अभियान अनुसार उहाँले रत्नकीर्ति विहारमा २ नं को गुलुपाः दान दिनुभएको थियो भने १ नंको गुलपाः धम्मवती गुरुमांलाई *(२०७० साल वैशाख पूर्णिमाको दिन)* धर्मकीर्ति विहारमा दान दिनु भएको थियो ।

रत्नकीर्ति विहारमा ११७ जना आजीवन सदस्यहरूलाई धम्मवती गुरूमांले सदस्यताको प्रमाण पत्र वितरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा कोषाध्यक्ष हीरारत्न शाक्यले आयव्यय विवरण प्रस्तुत गर्नु भएको थियो भने युराज वज्राचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## गुरुपूजा



***धर्मचक्र प्रवर्तन सुत्र पाठ गर्नुहुँदै धम्मवती गुरुमां र चमेली गुरुमां***

२०७० श्रावण ७ गते सोमवार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट गुरूपूजा कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रम शुरू हुनु अगाडी पूज्य धम्मवती गुरूमां प्रमुख धर्मकीर्ति विहारका अन्य गुरूमांहरू लगायत अध्ययन गोष्ठीका सबै सदस्यहरूले बुद्धपूजा गर्नु भएका थिए । सो पश्चात् गुरूमांहरूको तर्फवाट परित्राण पाठ भएको थियो । असार पूर्णिमाको दिन भगवान् बुद्धले धर्म चक्र प्रवर्तन गर्नु भएको कारणले गुरूमांहरूको तर्फबाट हरेक असार पूर्णिमाको दिन देखि एक महिना सम्म धर्मचक्र सूत्र पाठ गर्नु हुने कार्यक्रम अनुसार यस दिन धर्मचक्र सूत्र पाठ गर्नु भएको थियो ।

सो पश्चात् दान प्रदान कार्यक्रम अनुसार अध्ययन गोष्ठीका सदस्यहरूको तर्फबाट प्रत्येक गुरूमांहरूलाई लोड सेडिंग समस्यालाई मध्य नजर राखी टर्च लाइट एक एकवटा दान गर्नु भई गुरूपूजा गर्नु भएका थिए । स्मरणिय छ, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवारले हरेक वर्षको गुरूपूर्णिमाको दिन दान प्रदान गर्दै गुरूपूजा गर्दै आइ रहेको छ ।



Downloaded from http://www.dhamma.digital

*२०७० जेष्ठ १ गते*

## विषय – बुद्धको मूल शिक्षा

*प्रवचक- श्रद्धेय भिक्षु अश्वघोष महास्थविर*

*प्रस्तुति- सुमित्रा तुलाधर*

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले “बुद्धको मूल शिक्षा” विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– बुद्ध शिक्षा अध्ययन गर्नुको लक्ष जान्ने सुन्ने बनी गुरू बन्नको लागि मात्र होइन, आफ्नो चित्तलाई शुद्ध पारी, बानी व्यवहार राम्रो पार्नको लागि पनि हो । आफूले गरे को कार्यले सबैको कल्याण होस् भन्ने कामना गर्नुका साथै अरूहरूको चित्त नदुख्ने गरी कुरा गर्ने, ज्ञान नभएका व्यक्तिहरूलाई उनीहरूको भलो चिताई राम्रा असल सुझाव सल्लाह दिने पनि बुद्ध शिक्षा हो । आफूले पनि कुनै प्रकारको पाप कार्य नगर्ने, पूण्य कार्य गर्दै चित्त एकाग्रह गरी शील, समाधि कार्यमा दत्त चित्त बन्न सक्नु पनि बुद्ध शिक्षा हो । हाम्रो मन अति चञ्चल छ । त्यसैले भगवान बुद्धले हामीलाई आर्य अष्टाङ्गिक मार्गलाई अपनाउन सुझाव दिनु भएको छ । यसलाई यसरी बुझौं ।

सम्यक दृष्टि – ठीक तरिकाले बुझ्ने

सम्यक संकल्प – ठीक नियत राख्ने

सम्यक वचन – वचनबाट गरिने चार प्रकारका खराब कुरा नगर्ने *(आफ्नो स्वार्थपूर्तिको लागि चुकली कुरा नगर्ने, कडा वचन प्रयोग नगर्ने, झूठो कुरो नगर्ने, काम नलाग्ने वकवास नगर्ने)*

सम्यक कर्मान्त – आफ्नो र अरूको हानी हुने कार्य नगर्ने

सम्यक आजीविका – अरूलाई अहित हुने खालको काम नगरी जीविका गर्ने

सम्यक समाधि – ठीक आरम्मणमा चित्त एकाग्रह राख्ने

सम्यक वायामो – अस कार्यमा अभ्यासरत रहने

सम्यक स्मृति – क्लेशउत्पन्न हुने कार्यबाट टाढा रहन होशियारी हुने ।

सम्यक समाधि – ठीक कार्यमा चित्त एकाग्रह राख्ने ।

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना २०७० मा**

| *मिति* | *बुद्धपूजा* | *धर्मदेशना* |
|---|---|---|
| श्रावण १ गते, मंगलवार | अमता गुरुमां | वीर्यवती गुरुमां |
| श्रावण ७ गते, सोमवार | सुवण्णवती गुरुमां | भिक्षु बोधिज्ञान |
| श्रावण १५ गते, सोमवार | वण्णवती गुरुमां | दानवती गुरुमां |
| श्रावण २२ गते, मंगलवार | सुवण्णवती गुरुमां | केशावती गुरुमां |

*२०७० असार ५ गते*

## विषय- अंगुत्तर निकाय (दुक निपात)

*प्रवचक- मदनरत्न मानन्धर*

*प्रस्तुती- उर्मिला तुलाधर*

यसदिन प्रवचक मदन रत्न मानन्धरले अंगुत्तर निकाय (दुक निपात) विषयमा प्रवचन दिनु हुँदै भन्नुभयो– हेतुको कारणले पाप र अकुशल धर्महरू उत्पन्न भइरहने हो । ती प्रमुख हेतुलाई नाश गर्न सकेको खण्डमा मात्र अकुशल धर्महरू उत्पन्न हुने छैन । हाम्रो चित्तमा कुशल धर्म र अकुशल धर्म वरोबर उत्पन्न भइरहन्छ । पञ्च इन्द्रिय द्वारहरूको तर्फबाट पञ्चकाम सुखमा लिप्त भई हाम्रो चित्तमा कुशल र अकुशल स्वभाव धर्महरू उत्पन्न भइरहने गर्छ । अकुशल धर्म उत्पन्न नगर्नको लागि हामीले ध्यान भावना अभ्यास गर्न आवश्यक छ । हामीमा रहेका खराव आचरणलाई हटाई राम्रो आचरणलाई अभ्यास गर्न परेको छ । तृष्णालाई मानसिक र शारीरिक रूपले हटाउने प्रयास गर्न परेको छ ।

पाइला पाइला पिच्छे होशियारी बनी आ-आफ्नो कमजोरीलाई हटाउँदै अकुशल धर्मलाई क्षय गर्ने अभ्यास गर्न नितान्त आवश्यक छ ।

## धम्मवती गुरुमां स्वास्थ्य परिक्षण पश्चात् नेपाल फर्कनुभयो

भिक्षुणी धम्मवती गुरुमां श्रावण १३ गते थप स्वास्थ्य परिक्षण गराउने सिलसिलामा भारतको दिल्लीस्थित बि एल कपुर अस्पतालमा स्वास्थ्य परिक्षण गराउनुभई श्रावण २१ गतेका दिन नेपाल फर्कनु भएको छ ।

स्वास्थ्य परिक्षण नतिजा अनुसार हाल उहाँको स्वास्थ्य स्थिति सन्तोषजनक रहेको कुरा बुझिएको छ ।

**बुद्ध सम्बन्धी केही जानकारी**

- “बिम्बिसारले आफ्नो बेजातको छोरो अभय राजकुमारलाई ७ दिनसम्म मगधको राज्य चलाउन दिएको थियो ।”
- “तक्षशिलाको राजा पुक्कुसातिलाई बिम्बिसारले उपहारमा त्रिरत्नको सन्देश पठाएको थियो ।”

*- साभारः बौद्ध दर्पण*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति संरक्षण कोषको वार्षिक भेला सम्पन्न

*२०७० श्रावण १२ गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार*

यसदिन धर्मकीर्ति संरक्षण कोषको वार्षिक भेला एवं साधारण सभा सम्पन्न गरिएको थियो । कोषका धम्मानुशासक संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा एवं भिक्षुणी धम्मवतीको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रम प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको थियो ।

शील प्रार्थना पश्चात् चमेली गुरुमांले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रम भिक्षु अश्वघोष महास्थविरले दीप प्रज्ज्वलन गरी उद्‌घाटन गर्नुभएको थियो । कार्यक्रममा धर्मकीर्ति विहार संरक्षण कोषका विभिन्न इकाईहरु लगायत यस विहारसंग सम्वन्धन् प्राप्त शाखा विहारहरुले आआफ्नो इकाई र विहारको वार्षिक प्रगति विवरण प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रस्तुत गरिएका वार्षिक प्रतिवेदनहरूको तालिका यसरी रहेका छन्

| क्र.सं. | धर्मकीर्ति विहार संरक्षण कोष एवं सम्वन्धित इकाईहरू र सम्वन्धन प्राप्त विहारहरू | वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुने व्यक्तिको नाम | सम्बन्धित इकाई एवं विहारमा कार्यरत पद |
|---|---|---|---|
| १. | धर्मकीर्ति संरक्षण कोष | मीना तुलाधर | सचिव |
| २. | धर्मकीर्ति आर्थिक प्रतिवेदन | अजयरत्न तुलाधर | सह-कोषाध्यक्ष |
| ३. | धर्मकीर्ति इकाईहरू | | |
| | – धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि | लोचनतारा तुलाधर | सचिव |
| | – धर्मकीर्ति शिक्षा सदन | कीर्ति तुलाधर | प्रिन्सिपल |
| | – पब्लिक इमेज कमिटी | भिक्षुणी पञ्ञावती | संयोजक |
| | – धर्मकीर्ति स्वास्थ्य कमिटी | रोशनकाजी तुलाधर | संयोजक |
| | – धर्मकीर्ति कम्यूनिटी हेल्थ क्लिनिक विषय जानकारी | नविन चित्रकार | |
| | – धर्मकीर्ति पत्रिका | ध्रुवरत्न स्थापित | सह-व्यवस्थापक |
| | – धर्मकीर्ति बौद्ध ज्ञानमाला | प्रेमलक्ष्मी तुलाधर | सचिव |
| ४. | धर्मकीति विहार सम्बन्धन प्राप्त शाखा विहारहरू | | |
| | – सुलक्षण कीर्ति विहार, चोभार | अनोजा गुरुमां | विहार प्रमुख |
| | – धर्मकीर्ति वसुन्धरा विहार | कुसुम गुरुमां | विहार प्रमुख |
| | – पद्मकीर्ति विहार, कमलपोखरी | ध्यानवती गुरुमां | सदस्य |


धर्मकीर्ति संरक्षणकोषको लेखा परिक्षण कार्यमा सेवारत श्यामलाल चित्रकारलाई सेवा वापत पारिश्रमिक रकम यथावत नै कायम रहने विषयमा सचिव मीना तुलाधरले जानकारी दिनु भएको थियो ।

धम्मवती गुरुमांले उहाँको माताको पूण्यस्मृतिमा वर्षेनि गोजी पात्रो प्रकाशनार्थ रु. ५ लाख अक्षयकोष स्थापना गर्नुभएको थियो भने, हरेक वर्ष भन्ते गुरुमांहरुलाई भोजन गराउनको लागि रु. ५ लाख अक्षयकोष स्थापना गर्नुभएको उपलक्ष्यमा उहाँलाई कोषको तर्फबाट भिक्षु अश्वघोष महास्थविरले साधुवाद पत्र तथा सम्झनाको चिनोको रुपमा स्वयम्भु चैत्य प्रदान गरी सम्मान गरिएको थियो ।

यसरी नै धम्मवती गुरुमांको सुस्वास्थ्य कामना गरी धम्मवती स्वास्थ्य कोषको लागि धर्मकीर्ति संरक्षण कोषको तर्फबाट रु. १ लाख मीना तुलाधरले धम्मवती गुरुमांलाई चढाउनु भएको थियो ।




Downloaded from http://www.dhamma.digital




***वार्षिक साधारण सभामा स्वागत भाषण गर्नुहुँदै चमेली गुरुमां***

यही दिन धर्मकीर्ति विहारको मर्मत सुधार कार्यको लागि विद्या सागर रञ्जितलाई संयोजकको रुपमा नियुक्त गरी नियुक्ति पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा संघनायक भिक्षु अश्वघोषले ओवाद दिनु भएको थियो भने भिक्षुणी धम्मवती गुरुमांले सभापतिको आसनबाट मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो –

"धर्मकीर्ति विहारलाई सुरक्षा गर्नु भन्नु नै धर्मलाई सुरक्षा गर्नु हो । भिक्षु, भिक्षुणी, उपासक र उपासिका गरी यी ४ समूहहरुले एक आपसमा परस्पर सहयोग गरी धर्मलाई बचाइराख्नु नै हाम्रो कर्त्तव्य हो । उपासकोपासिकाहरुले धर्ममा सहयोग गर्नुछ भने भिक्षु भिक्षुणीहरुले धर्म रक्षा गर्नुछ ।"

कार्यक्रमको अन्त्यमा अगम्य रत्न कंसाकारले धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रम समापन गर्नु भएको थियो ।

## धम्मवती गुरूमांया भिं बुदिंया लसताय् मुदिता सेवा गृहलय भोजन दान

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

ने.सं. ११३३ दिंल्लागा द्वादशी २०७०।४।१९ शनिबाः कुन्हु पूज्य धम्मवती गुरुमांया ८० दँ भि-बुदिंया लसताय् लक्ष्मी नानी डत पुचः पाखें इमादोल स्थित मुदिता सेवा गृहलय् च्वंपिं ८७ दँ निसें ९१ दँ दुपिं वृद्धा व अनाथ मिसामस्तयत् भोजन दान नापं १०,३३२५/– दां ग्वाहालि स्वरूप संयोजक राज्य लक्ष्मी बज्राचार्ययात लक्ष्मी नानी डत पुचः पाखें लल्हाःगु जुल ।

अनच्वंपिं मस्त मध्ये मिखां मखंम्ह छम्ह मिसा मचा शशिकला पौडेलं भजन हालाः न्यंकुगु खः । अथेहे छम्ह वृद्ध मैयाँ जोशी धैम्ह नर्स जुयाः सकसिगुं सेवायाना च्वंम्ह लिपा पक्षबात जुयाः सनेमफयाः च्वंम्ह यात नं अनहे लहिना तःगु दु । थः यात वगु पेन्सनं थःयात खर्च व्यहोरेयाय्गु यानाच्वंगु खँ संयोजक मय्जुं कनादिल । वृद्धा मैयाँ जोशीं न्हापा निम्ह अनाथं मस्तय.त नं लहिना तःगु जुया च्वन । वयकःया सुनं मदुगु खँ संयोजकं कनादील ।

सुंमदुपिनिगु निंति वृद्धाश्रम धर्मया छैं खः तर दुपिनिगु निर्तिं बृद्ध बृद्धातय्त लहिमफया तय्यंकेगु छगू थाय् खः । तर न्ह्याथें थंजु थःपिनं छन्हु अथे जुइतिनी धकाः थुइकाः सेवा भाव पिज्वय्कूसा बृद्धाश्रम धैगु देकेमालि मखु जुई ।



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## बौद्ध जनविहारको वार्षिक कार्यक्रम

*२०७० जेठ २५ गते, शनिवार*

*स्थान- सुनागुठी, ललितपुर*

बौद्ध जन विहार सुनागुठीले यसदिन विहारको वार्षिक प्रगति प्रस्तुति विषयक कार्यक्रम संचालन गरी विहारको स्मरण पुस्तक प्रकाशन गरेको समाचार प्राप्त भएको छ। उक्त कार्यक्रममा संघनायक भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नुभएको थियो।

## गुणानुस्मरण कार्यक्रम २०७० सम्पन्न

*२०७० आषाढ २६ गते, बुद्धबार*

*स्थान- गणमहाविहार*

शान्ति नायक भगवान् बुद्धको पवित्र जन्म भूमि नेपालको थेरवादी बुद्ध शासनमा दुर्लभ श्रामणेर प्रव्रज्या ग्रहण गर्नु भएर ऐतिहासिक काल देखि बुद्ध धर्मलाई संरक्षण, सम्बर्द्धन गर्न तथा सद्धर्म चिरस्थायी तुल्याउनुको निमित्त आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुभई अग्रज भन्तेहरूको अतुलनिय योगदानलाई स्मरण गर्दै धर्म विजय पदनम गणविहार परिवारले "गुणानुस्मरण कार्यक्रम २०७०" को आयोजना गरिएको समाचार प्राप्त भएको छ।

## प्रव्रज्या दिवस

*२०७० असार २९ गते*

*स्थान- ध्यानकुटी विहार, बनेपा*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले ध्यानकुटी विहारमा प्रव्रज्या दिवसको आयोजना गरिएको थियो। श्रद्धेय राहुल भन्तेको तर्फबाट बुद्धपूजा र धर्म देशना कार्यक्रम संचालन भएपछि भोजन पश्चात् विचार आदान प्रदान कार्यक्रम संचालन गरिएको थियो।

विचार आदान प्रदान कार्यक्रमको सिलसिलामा "धर्मकीर्ति विहार प्रति कसरी कृतज्ञता ज्ञापन गर्ने" भन्ने विषयमा विचार आदान प्रदान गर्नकोलागि ४ जना वक्ताहरू छानिएका थिए। ती वक्ताहरू यसरी रहेका थिए।

(१) चिनिकाजी महर्जन (२) प्रेमलक्ष्मी तुलाधर

(३) रोशन काजी तुलाधर (४) तारा महर्जन

वक्ताहरूले व्यक्त गर्नुभएको विचारलाई श्रद्धेय भिक्षुणी इन्द्रावतीले समिक्षा गर्नुभएको थियो। कार्यक्रमको अन्त्यमा प्रव्रज्या कार्यक्रमका संयोजक अरूण सिद्धि तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो। त्यसपछि पूण्यानुमोदन एवं दान प्रदान गरी कार्यक्रम समापन गरिएको थियो।

## २६०२ औं धर्मचक्र प्रवर्तन दिवस

*२०७० श्रावण ७ गते*

नगदेश बौद्ध समूहका रजत वर्ष (२०४५-२०७०) को अवसरमा "२६०२ औं धर्मचक्र प्रवर्तन दिवस" भव्य तवरले मनाइएको समाचार प्राप्त भएको छ। गुरू पूर्णिमाको उपलक्ष्यमा गुरू बुद्धको गुणाणुस्मरण गरी बुद्ध पूजा गरेको थियो। थेरवाद बौद्ध दायक केन्द्रिय परिषदका अध्यक्ष बखत वहादुर चित्रकारको प्रमुख आतिथ्यमा एवं सुगत बौद्ध महाविद्यालयका प्राचार्य डा. सानुभाई डंगोल को विशेष आतिथ्यमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो।

सो पश्चात् नगदेश बौद्ध समूहको रजत वर्षको उपलक्ष्यमा प्रकाशित पुस्तकहरू "त्रिरत्न वन्दना, परित्राण" र "बौद्ध संस्कार पद्धति र प्राग् बौद्धकालिन दार्शनिक कृतिहरू" प्रमुख अतिथि र विशेष अतिथिवाट विमोचन गरी लोकार्पण गरिएको थियो। समूहका कोषाध्यक्ष रत्न भक्त हाँयजुले स्वागत मन्तव्य व्यक्त गरिएको उक्त कार्यक्रममा सचिव कृष्ण कुमार प्रजापतिले विमोचित पुस्तहरू विषयमा परिचयात्मक टिप्पणी गर्नुभएको थियो। कार्यक्रममा बौद्ध विद्वानहरू लक्ष्मण शाक्य र अनुप श्रेष्ठाचार्यले धर्मचक्र प्रवर्तन विषयमा मन्तव्य व्यक्त गर्नुभएको थिए। यसरी नै बौद्ध ल्यायम्ह पुचः नगदेशका अध्यक्ष शिवभक्त मेजुले धन्यवाद ज्ञापन गर्नु भएपछि पूण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो।

सो पश्चात् नगदेश बुद्ध विहारको धम्महलमा नगदेश बौद्ध समूह र शंखधर वचत तथा ऋण सहकारी संस्थाको सहयोगमा नेपाल क्षयरोग निवारण संस्था, भक्तपुरको आयोजनामा "HIV-AIDS" र क्षयरोग सम्बन्धमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको



Downloaded from http://www.dhamma.digital

थियो । उक्त कार्यक्रममा HIV-AIDS विषयमा सुश्री पद्ममा श्रेष्ठ र क्षय कुष्ठ विशेषज्ञ चन्द्र बहादुर श्रेष्ठले प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिइएको थियो । प्रशिक्षणको सिलसिलामा HIV-AIDS का विषयका सुश्री पद्ममा श्रेष्ठले कुशल ढंगले प्रशिक्षण प्रस्तुत गरिएको थियो भने विशेषज्ञ चन्द्र बहादुर श्रेष्ठले १५ दिनको लगातार खोकी, क्षयरोग पो.हो.की ? भन्ने जस्ता नारा प्रस्तुत गरी प्रशिक्षण दिनु भएको थियो ।

उक्त कार्यक्रममा क्षयरोग निवारण संस्थाका अध्यक्ष बाबुकाजी साछें श्रेष्ठ र रत्न कृष्ण श्रेष्ठले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने कृष्ण कुमार प्रजापतिले व्यभिचार कार्यबाट निमन्त्रणा गरिने HIV-AIDS रोगको रोकथाम गर्नको लागि गृहस्थ व्यक्तिहरूले पालन गर्नुपर्ने नियम "पञ्चशील" हो । तसर्थ आजभन्दा २६० २ वर्ष अघि नै शील सदाचार पालन गरी सुखमय गृहस्थ जीवन यापन गर्ने शिक्षा सिकाउनु हुने गुरू भगवान् बुद्धको गुण सदास्मरण गरी गुरू पूर्णिमा मनाऔं भन्नुहुँदै सभा विसर्जन गरिएको थियो ।

## दान गरिएको आँखाको सफल प्रत्यारोपण

नगदेश बौद्ध समूहका सदस्य ९० वर्षिय उपासक तेज बहादुर कोजु २०७० श्रावण ६ गते आइतबार दिवंगत हुनुभएपछि उहाँको दुइवटै आँखा तिलगंगा आँखा प्रतिष्ठानलाई दान गरिएको समाचार छ ।

दान गरिएका ती दुई आँखाहरुमध्ये एक सुदूर पश्चिमाञ्चल सदरमुकाम धनगढी कैलालीका ११ वर्षिय के.सी. थरका बालकलाई सफल प्रत्यारोपण गरिएको थाहा हुन आएको छ भने अर्को आँखा सोही क्षेत्रमा कञ्चनपूर निवासी ५९ वर्षका "चन्द" थरका प्रौढ व्यक्ति लाई सफल प्रत्यारोपण गरिएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

आँखा दान गरी सञ्चित पूण्यले दिवंगत उपासकको सद्गति एवं निर्वाणको लागि हेतु मिलोस् भनी कामना पनि गरिएको थियो ।

## योगा एवं एकयूप्रेशर शिविर

पूज्य भिक्षुणी धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा दिब्यज्योती समूह नेपालले धर्मकीर्ति विहारमा योग ध्यान एवं एक्यूप्रेशर पद्धतिद्वारा मेशिनबाट उपचार एवं रोग परिक्षण गरी सप्ताहव्यापी शिविर सञ्चालन गरिएको थियो ।

असार २५ गते देखि ३१ गते सम्म सञ्चालित उक्त शिविर प्राकृतिक चिकित्सक डा. गोपाल प्रधानको निर्देशनमा सञ्चालन गरिएको थियो ।

## ऐतिहासिक संवेजनीय स्थल बुद्धगयामा भएको श्रृंखलाबद्ध विस्फोट प्रति दुःख व्यक्त

नगदेश बौद्ध समूह र धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखाः नगदेशको कार्य समितिको छुट्टाछुट्टै बैठकले गत २०७० असार-२३ गते, आईतवार एकाविहानै भारतको प्राचीनतम् ऐतिहासिक संवेजनीय स्थल-बुद्धगया (बोधगया) मा सच्चा मानव मात्रले गर्न नहुने आतकंकारी, आततायी क्रियाकलाप गरी विश्व सम्पदा सूचिमा सूचिकृत भएको ऐतिहासिक साँकृतिक बौद्ध सम्पदालाई ध्वस्त गर्ने हेतुले श्रृंखलाबद्ध बम विस्फोट गरेको दुष्कार्य प्रति चिन्तित भै दुःख व्यक्त गरिएको समाचार छ । साथै जो कोही व्यक्ति या समूह होस् त्यस्ता कुतत्वलाई भारत सरकारले सिघ्र कारवाही गरी कडा से कडा दण्ड सजाय दिन बैठकले आग्रह पनि गरिएको छ ।

## समिक्षा गोष्ठि

*असार २९, ललितपुर ।*

यु.बौ.म.या. महिला उपसमितिया ग्वसालय् दच्छिया धर्मदेशना जूथाय् सहभागी जूपिं मां पुचः, मिसापुचः, महिला जचत समूहया प्रतिनिधिपिनि दथुई समिक्षा गोष्ठि जूग बुखँ प्राप्त जूगु दु ।

प्राप्त बुखँ अनुसार युवक बौद्ध मण्डलया नायो सुरेन्द्र राज शाक्यया नायोसुई न्ह्याःगु उगु गोष्ठि शोभा शाक्यं न्ह्याकादीगु खःसा सानुमैयां उद्घोषण यानादीगु खः । उगु गोष्ठी ८० म्ह मिसापिसं ब्वति काःगु खः ।

ब्वतिकाःपिं मिसा प्रतिनिधिपिनिगु धापू कथं लयूलय् पतिकं धर्मदेशना न्यनागु कारणं बुद्ध शिक्षाय् आधारित नैतिक शिक्षाबारे सयूकेगु मौका चूलाःगुलिं थःथःगु कर्त्तव्य व मिसातसें थःथःगु अधिकार विषय नं यक्कों ज्ञान सीकेगु मौका चूलात । गुकिं यानाः परिवारय् थवंथवे खःकथं थ्वीके फुगु क्षमता वृद्धि जुयाः, कर्त्तव्य बोध जुयाः ल्वापु मदयाः मिलेचले ज्वी सयावःगु खँ कंगु



Downloaded from http://www.dhamma.digital

खः । अथे जूगु कारणं प्रतिनिधि मिसा पिनिसं धर्म देशना ज्याभ्वःयात निरन्तरता बीमाःगु मनसाय न्हचव्वःगु दु ।

## निकवःगु ज्ञानमाला निरीक्षण भ्रमण

*तछलागा १४, यल ।*

नेपाल राष्ट्रिय ज्ञानमाला समितिया ग्वसालय् लय् लय्पतिकं न्हचाकेगु तातुनाः शुरु जूगु "ज्ञानमाला निरीक्षण भ्रमण" निंक्वःगु खुसिइ यलया तारेमाम् ज्ञानमाला भजन खलः, भाष्करवर्ण महाविहार, न्याखाचुकय् तःजिक सम्पन्न जूगु बुखँदु ।

ने.रा.ज्ञा.स.याके नाय प्रा. सुवर्ण शाक्यजुया नायः सुइ जूगु उगु ज्याभ्वलय् 'निरीक्षणभ्रमण' या ताः व आज्जुबारे बाँलाक खँ कंसे धयाबिज्यात–

"देय्न्यकं चय्गुलिंमल्याक दुगु 'ज्ञानमाला निरीक्षणभ्रमण' लय् छकवः छगू भजन खलः पिं नाप लायेगु ज्या तः दंमछि न्हयाइगु ज्याभ्वः खः । थुगु ज्याभ्वः पाखें ज्ञानमाला भजन खलः या वस्तुगत अध्ययन लिसें समस्या, पंगः बाधा, विकास बारेया खँत यक्वं अवगत जुइगु जूगुलिं थुजाः गु ज्याभ्वः या माः चाः यात ध्यानय् तयाः थ्व ज्याभ्वः न्ह्याकागु जुल"

ज्याभ्वलय् तारेमाम् ज्ञानमाला भजन खलः, न्याखाचुक पाखें भजनया अवस्था, व भजन न्हचाकेत हे समस्या दुसां महिला समूहया सक्रियता अप्वः दुगुलिं भजन नियमित न्हचानाच्वंगु खं न्हचब्वया विज्याःगु जुल ।

ल्याय्म्हपुस्ताया सहभागिता मदुगु नं मखु । सहभागिता नं दु । तर भजन स्यनाः सय्काः भजन त्वः ता वनिगु समस्याग्रष्ट भजनयात विकास यायेत आकर्षक ज्याभ्वः यायेमाःगु आवश्यकताया विषये चर्चा जुल ।

निखेरंया यानाः ५०/६० म्ह व्यक्तिपिसं ब्वतिकाः गु उगु ज्याभ्वः न्हयः न्याखाचुक बारे, अन स्थापित शाक्यमुनि बुद्धया मूर्ति, वा मवइबलय् उलीगु मन्दः पाः, नित्यनाथुचुक व नः बहि समेत निरीक्षण याकूगु खः ।

अन्तय् ने.रा.ज्ञा.स. पाखें समितिया लोगो अंकित अंगः ब्यानर नायः पाखें उलेज्या यासे तारेमाम् ज्ञानमाला संघ (हिरण्यवर्ण महाविहार) तारेमाम् ज्ञानमाला भजन खलः (भाष्करवर्ण महाविहार) यात छपाः छपाः ब्यानर कथहं पत्रकार धर्मरत्न शाक्य व सप्तराज शाक्यजुपिन्त लुमन्ति चिं कथं लःल्हाःगु जुल ।

## श्रद्धां जागु मन

*ने.सं. ११३३ दिल्लाथ्व अष्टमी (२०७०/४/१५) गते)* बुद्ध पूजा कुन्हु धर्मकीर्ति बिहारे धर्मकीर्ति ज्ञानमाला भजनया सक्रिय दुजः बुद्ध रत्न महर्जन परिवार टेकू पाखें ध.ज्ञा भजनयात २०,०००।- दां श्रद्धां जागु मनं ग्वाहालि स्वरूप कोषाध्यक्ष श्याम मान वज्राचार्ययात लल्हानादिल ।

वयकः नं इलय् ब्यलय् भजनयात माःगु माइक तार आदि बियाःग्वाहालि यानादीम्ह अतिकं श्रद्धादुम्ह व्यक्ति खः ।

ध.ज्ञा.भ.या दुजः स्व. रामदेवी महर्जनयात निर्वाणया कामना यासे वयकः व परिवार सकसिया भिं जुइमा धकाः धर्मकीर्ति ज्ञानमालां आशिका याःगु दु ।

## मांया स्याः

✍ **ललिन शाक्य**

सुथ न्हापां वसिबँ पुनाः
नीलः हइ मामं
पुज्याइ पिखालखु
ह्याउँक थिलाः सौबँ

मचा देनाच्वंगु स्वयाः
खापा तिना वनी
लिहाँ वयाः भूतू ज्या नं
बच्छि सिधय्का च्वनी

मचा ख्वःगु सः तायाः छथुं
माम कुहाँ वई
न्ह्यलं चाल पुता धाधां
मायां चुप्पा नई

गुलि दुगु मचाया माया
मांया नुगलय् थ्यू
मचा खः व मांया स्याः
गुलि स्याः धैगु मामं जक स्यू ।



Downloaded from http://www.dhamma.digital

# किण्डोल निर्वाण मूर्ति विहारमा पट्ठान पाठ




*किण्डोल विहारस्थित बुद्ध निर्वाण मूर्ति*

*२०७० श्रावण (१७–१९ सम्म)*

धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा, दिवंगत रत्नमञ्जरी गुरुमांको पूण्यस्मृतिमा र सत्व प्राणीहरूको हीत उपकार कामनागरी किण्डोल निर्वाण मूर्ति विहार स्वयम्भूमा श्रावण १७ गते देखि १९ गते सम्म ३ दिन पट्ठान पाठको आयोजना गरियो । २४ जना गुरूमांहरूले पट्ठान पाठ गर्नु भएको उक्त कार्यक्रम हरेक दिन विहान ६:३० वजे देखि दिउँसो ३ बजे सम्म निरन्तर सञ्चालन गरिएको थियो ।

हरेक दिन दिउँसो ३ बजे गुरुमांहरूको तर्फबाट धर्मदेशना भएको थियो । धर्मदेशना गर्नुहुने गुरूमांहरू क्रमशः चमेली गुरुमां, दों मोलिनी गुरुमां र अग्गञाणी गुरूमां हुनुहुन्थ्यो ।

धर्मदेशना पश्चात् धर्मकीर्ति ज्ञानमालाले भजन पनि प्रस्तुत गरेको थियो ।

स्मरणिय छ किण्डोल विहारले हरेक वर्ष पट्ठान पाठ कार्यक्रम सञ्चालन गर्दै आएकोमा यो आठौं पटकको हो ।



*पट्ठान पाठ श्रवण गरिरहेका उपासकोपासिकाहरू*



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



# lb+kl0f{dfof dxhg{

***( जन्म दिं - ने.सं. १०४३ जेठ शुक्ल पूर्णिमा, विहीवार***
***दिवंगत दिं - ने.सं. ११३३ जेठ ७ गते त्रयोदशी, शुक्रवार )***

अनन्तगुणं सम्पन्नम्ह जिमि मां पूर्णिमाया महर्जन दिवंगत जुयादिल ।
जिमि मां न्ह्याथाय् जन्म जूसां जाती, जरा, व्याधि,
मरणं मुक्त ज्वीफैगु बुद्ध शिक्षा सय्क्यगु हेतु चूलाय्मा । थुकथं मां नं
छन्हु निर्वाण सम्पत्ति याकनं हे प्राप्त यानाकाय्
फय्मा धकाःकामना याना ।

म्ह्याय्पिं :

**श्रद्धावती गुरुमां, शीलु महर्जन**

काय्पिं :

**इन्द्र बहादुर महर्जन, पिय रत्न महर्जन**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY



भिक्षुणी धम्मवती गुरुमांको ८० औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारमा अभिधर्म पाठ गर्नुहुँदै पूज्य भिक्षु महासंघ

वर्ष-३१; अङ्क-४ बु.सं. २५५७, गुंपुन्हि

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति भजनमाला CD विमोचन



सिडि विमोचन याना बिज्यासे धम्मवती गुरुमां

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

ने.सं. ११३३ दिल्लाथ्व नवमी निसें दुतिया तक्क पूज्य धम्मवती गुरुमांया ८० दँ भिं-बुदिंया लसताय् भिक्षु संघ पाखें न्ह्यन्हु यंक अभिधम्म पाठ व च्यान्हु कुन्हु गुरूजु, लामा भन्तेपिं पाखें पाठया ज्या भ्वलय् न्ह्याबलेंथे च्यान्हुयंक धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन न्ह्यब्वःगु जुल । थ्व ज्याभ्वःया दुने चतुदर्शी श्रावण ६ गते कुन्हु ३,४ ब्वया रूपय् पिदंगु "धर्मकीर्ति भजनमाला" सि.डि. पूज्य धम्मवती गुरुमां पाखें विमोचन जूगु खः ।

वसपोल गुरूमांनं ३०००।– दां श्रद्धा ग्वाहालिं कथं च्यान्हुयंक भजन जूगुलिं बियाबिज्यागु दु । वसपोल गुरूमांया भिं उसाँय् ता आयूया आशिका यासे भिं बुदिंया भिन्तुना देछाःगु जुल ।

धर्मकीर्ति ज्ञानमाला भजन खलः पाखें पिदंगु थ्व CD पूज्य धम्मवती गुरुमांया भिं-बुदिंया लसताय् पिकाःगु खः । ३ ब्वलय् नेपाल भाषाया ज्ञानमाला भजन व ४ ब्वलय् नेपाली भाषाया ज्ञानमाला भजन खः । थ्व ज्ञानमाला भजन पिकाय्गु नितिं उपाध्यक्ष जुजु भाई शाक्य न्हिच्छि रिकर्ड याःथाय् भ्वायाः निर्देशन यानादीगुलिं वयकःया भिंउसाय् ताः आयु या आशिका यासे धर्मकीर्ति भजन वाँलाक न्ह्याकेत तिबः विइ फयमा धकाः आशिका याःगु जुल ।

❀

# निर्वाणमूर्ति किम्डोल विहारे ज्ञानमाला भजन

*ने.सं ११३३ दिल्लागा दशमी (२०७०/४/१७–१८) गते)* निर्वाण मूर्ति किम्डोल विहारे पट्टान पाठया ज्याभ्वलय् धर्मकीर्ति भजनयात गुरुमांपिं डा. धम्मविजया गुरूमां व डा. दो मोलिनी गुरुमांया ब्वनाय् धर्मकीर्ति ज्ञानमाला भजन न्ह्यःब्वगु जुल । वसपोल गुरूमांपिं पाखें धर्मकीर्ति ज्ञानमाला भजनया उत्तरोत्तर प्रगतिया कामना यासे रु. ५०००/– दां कोषाध्यक्ष श्याम मान वज्राचार्ययात लःल्हाना बिज्यात ।

Downloaded from http://www.dhamma.digital